प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन,२०७६ को दफा ४१ तथा कोशी प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०७७ को नियम १० बमोजिम तयार गरिएको

# आ.व.२०८०/८१को
# वार्षिक प्रतिवेदन

**प्रदेश सरकार**
**आर्थिक मामिला तथा योजना मन्त्रालय**
**कोशी प्रदेश, विराटनगर**
**श्रावण, २०८१**

## १. मन्त्रालयको संक्षिप्त परिचय

नेपालको संविधान बमोजिम संघिय संरचना अनुसार २०७४ माघ २१ गते प्रदेश सरकार गठन भए संगै प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालयको स्थापना मिति २०७४/१०/२९ मा भएको हो। हाल प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ को नियम ४ सँग सम्बन्धित अनुसूची २ को कार्यविभाजन अनुसार बुँदा नं. ३ मा उल्लेखित यस मन्त्रालयको २५ वटा विषयहरुमा कार्यक्षेत्र निर्धारण भएको छ।

यस मन्त्रालयमा माननीय मन्त्रीको राजनैतिक नेतृत्व र प्रदेश सचिवको प्रशासनिक नेतृत्वमा महाशाखा प्रमुख (उपसचिव) लगायत अन्य ४७ जना कर्मचारीको दरबन्दी रहेको छ। नेपाल सरकारको राजपत्रांकित प्रथम श्रेणीको प्रदेश सचिव तथा रा.प. द्वितीय श्रेणीको अधिकृत (उपसचिव) महाशाखा प्रमुख रहने व्यवस्था रहेको छ। यस मन्त्रालयले प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमनका साथसाथै प्रदेशगत विनियोजन, राजस्व, धरौटी, कार्यसंचालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण र लेखा परीक्षण लगायतका कृयाकलापहरु सम्पादन गर्दछ। पछिल्लो कार्यविभाजन नियमावलीले गरिबी निवारण सम्वन्धि कार्यक्षेत्र समेत यस मन्त्रालय अन्तर्गत रहने व्यवस्था गरेको छ।

यस मन्त्रालयले कर्मचारी सरुवा, बढुवा, सजाय तथा रेकर्ड व्यवस्थापन, समय समयमा विभिन्न निर्देशनात्मक कार्य, प्रदेश स्थित विभिन्न मन्त्रालय तथा कार्यालयको अनुगमन, मूल्याङ्कन तथा सुझाव लगायतका कार्य सम्पादन गर्दछ। यो मन्त्रालय मोरङ जिल्ला स्थित विराटनगर म.न.पा. वडा नं.-७ मा अवस्थित रहेको छ।

**क. कार्यालयको दुरदृष्टीः** वित्तीय स्रोतको प्रभावकारी परिचालनको माध्यमबाट यस प्रदेशलाई देशकै सबैभन्दा स्वच्छ, सुखी र समुन्नत प्रदेश बनाउने ।

**ख. लक्ष्यः**

वित्तीय स्रोतको प्रभावकारी र समुचित परिचालन एवम् वित्तीय अनुशासनको पालना गर्दै मितव्ययी एवम् पारदर्शी रुपमा सार्वजनिक खर्चको उपयोग गरी सामाजिक न्याय सहितको समृद्ध प्रदेश निर्माणमा सहयोग पुऱ्याउने ।

**ग. उद्देश्यः**

- करको दरलाई कम तथा दायरालाई वृद्धि गर्दै संघ तथा स्थानीय तहसँग समन्वय गरी कर प्रणालीलाई सरल एवम् अनुमान योग्य बनाउने ।
- प्रदेश तथा स्थानीय तहहरुको कर प्रशासनको क्षमता अभिवृद्धि गर्दै सक्षम र प्रभावशाली बनाउने
- सार्वजनिक खर्च प्रणालीमा सुधार गर्दै यसलाई थप वस्तुनिष्ठ र पारदर्शी बनाउने ।
- प्रदेशको खर्च प्रणालीमा निजी तथा सहकारी क्षेत्र समेतलाई सहभागी गराई यी क्षेत्रहरुलाई आर्थिक विकासको सशक्त साझेदारको रुपमा विकास गर्ने ।
- वैदेशिक लगानी तथा वैदेशिक सहायतालाई आवश्यकता एवम् औचित्यको आधारमा तुलनात्मक लाभका क्षेत्रमा परिचालन गर्ने ।

- वित्तीय हस्तान्तरण प्रणालीलाई थप अनुमान योग्य र प्रभावकारी बनाउने ।

## २. कार्य क्षेत्र

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ अनुसार आर्थिक मामिला तथा योजना मन्त्रालयको देहाय बमोजिमका कार्य जिम्मेवारीहरु रहेका छन्:


- प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन
- प्रदेशस्तरको आर्थिक स्रोतको बाँडफाँड, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन
- प्रदेशस्तरको आर्थिक स्थायित्व र मूल्यस्थिरता सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन
- संघको स्वीकृतिमा वैदेशिक सहयोग, वैदेशिक ऋण र अनुदान प्राप्ति, उपयोग, लेखाङ्कन र प्रतिवेदन
- प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुल उपर
- राष्ट्रिय तथा अन्तर प्रदेश विकास आयोजनाको समन्वय र सशर्त अनुदानको सदुपयोग
- प्रदेशस्तरीय विकास नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन
- प्रदेश राजश्व सम्बन्धी नीति तथा कानुनको तर्जुमा, कार्यान्वयन र नियमन
- प्रदेश सार्वजनिक खर्च सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन तथा स्थानीय तह अनुदान
- संघीय नीति अनुरुप सहवित्तीयकरण
- प्रदेश आर्थिक कार्यविधि सम्वन्धी नीति तथा कानूनको निर्माण, कार्यान्वयन र नियमन
- प्रदेश विनियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन
- प्रदेश संचित कोषको संचालन तथा व्यवस्थापन र प्रदेश लेखा नियन्त्रण एवम् व्यवस्थापन
- प्रदेश पुरक अनुमान तथा पेश्की खर्च र प्रदेश आकस्मिक कोष सम्वन्धी
- प्रदेश सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन
- प्रदेशगत विनियोजन, राजस्व, धरौटी, कार्यसंचालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण र लेखा परीक्षण
- घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क, दस्तुर र दण्ड जरिवाना संकलन, बाँडफाँड र उपयोग सम्बन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन
- संघीय कानुन अनुसार प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी र शुल्क संकलन, नियमन र हस्तान्तरण
- राजश्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन
- संघसंगको अन्तरसरकारी वित्तीय सम्पर्क, सम्बन्ध र सहकार्य

- तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धमा प्रादेशिक नीति, कानून, मापदण्ड एवम् योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा संघ र स्थानीय तहसँग सहयोग, समन्वय र सहकार्य
- बीमा र बीमा व्यवसायको संचालन, व्यवस्थापन, प्रवर्द्धन तथा विस्तार र नियमन
- प्रदेशस्तरका सार्वजनिक संस्थान, बैंक तथा वित्तीय संस्था, समिति, प्रतिष्ठान तथा कम्पनी आदिको सञ्चालन, व्यवस्थापन, सुधार र नियमन
- आर्थिक विकासमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसंगको समन्वय र सहकार्य।
- गरिबी निवारण सम्वन्धी प्रादेशिक नीति, कानून, मापदण्ड एवम् योजनाको तर्जुमा, कार्यान्वयन र नियमन तथा अध्ययन, अनुसन्धान, सर्वेक्षण, सूचना संकलन, गरिब घरपरिवार पहिचान र सोको अभिलेख व्यवस्थापन (प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७९ द्वारा थप)

## ३. संगठन संरचना तथा कार्य विवरण

**प्रदेश सरकार**
**१ नं प्रदेश**
**आर्थिक मामिला तथा योजना मन्त्रालयको संगठन संरचना**

अनुसूची-३.१




## ४. दरबन्दी तेरिज तथा पदपूर्तिको विवरण

| सि.नं | स्वीकृत दरबन्दी | | | | | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | पद | श्रेणी/तह | सेवा | समूह/उपसमूह | संख्या | | | |
| १ | प्रदेश सचिव | रा.प.प्रथम | प्रशासन | | १ | १ | - | |
| २ | उपसचिव | रा.प.द्धितीय | प्रशासन | राजश्व | २ | २ | - | २ संघिय कामकाज |
| ३ | उपसचिव | रा.प.द्धितीय | प्रशासन | सामान्य प्रशासन | २ | - | २ | |
| ४ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सामान्य प्रशासन | ६ | ४ | २ | १ संघिय कामकाज |
| ५ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | राजश्व | ६ | ३ | ३ | १ संघिय कामकाज |
| ६ | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | १ | १ | - | |
| ७ | कानून अधिकृत | रा.प.तृतीय | न्याय | कानून | १ | १ | - | संघीय दरबन्दी |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | अर्थशास्त्री | रा.प.तृतीय | विविध | | १ | - | १ | |
| ९ | तथ्यांक अधिकृत | रा.प.तृतीय | तथ्यांक | तथ्यांक | १ | - | १ | |
| १० | कम्प्युटर इन्जिनियर | रा.प.तृतीय | विविध | | १ | १ | - | |
| ११ | कम्प्युटर अधिकृत | रा.प.तृतीय | विविध | | १ | - | १ | |
| १२ | नायव सुब्बा | रा.प.अनं.प्रथम | प्रशासन | सामान्य प्रशासन | ५ | ५ | - | |
| १३ | नायव सुब्बा | रा.प.अनं.प्रथम | प्रशासन | राजश्व | ६ | - | ६ | |
| १४ | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम | विविध | | ३ | ३ | - | |
| १५ | सह लेखापाल | रा.प.अनं.द्वितीय | प्रशासन | लेखा | १ | - | १ | |
| १६ | हलुका सवारी चालक | श्रेणी विहिन | | | ४ | ४ | - | |
| १७ | कार्यालय सहयोगी | श्रेणी विहिन | | | ५ | ५ | - | |
| **जम्मा** | | | | | ४७ | ३० | १७ | |

## ५. आ.व.२०८०/८१ मा आर्थिक मामिला तथा योजना मन्त्रालयबाट सम्पादित कार्यहरुः-

**आर्थिक मामिला तथा योजना मन्त्रालयले गरेका प्रमुख कार्यहरुः**

- कोशी प्रदेश आर्थिक अध्यादेश, २०८० (दोश्रो पटक) र कोशी प्रदेश विनियोजन अध्यादेश, २०८० (दोश्रो पटक) तयार गरिएको।
- प्रतिस्थापन विधेयक अनुसारको कोशी प्रदेश आर्थिक ऐन र कोशी प्रदेश विनियोजन ऐन, २०८० तयार गरिएको।
- प्रतिस्थापन विधेयक अनुसारको बजेट तर्जुमा, (२०८०/०८१) गरिएको तथा सो सँग सम्वन्धि प्रकाशनहरु विभिन्न व्यक्ति तथा निकायहरुलाई वितरण गरिएको।
- कोशी प्रदेश विनियोजन ऐन, २०८१ तयार गरिएको।
- कोशी प्रदेश आर्थिक ऐन, २०८१ तयार गरिएको।
- आ.व. २०८१/८२ को वार्षिक बजेट सम्वन्धि प्रकाशनहरु विभिन्न व्यक्ति तथा निकायहरुलाई वितरण गरिएको।
- आ.व. २०७९/०८० को वार्षिक प्रगति प्रतिवेदन तथा आ.व. २०८०/८१ को बजेटको अर्धवार्षिक समीक्षा प्रतिवेदन प्रकाशन गरिएको।
- प्रादेशिक आर्थिक सर्वेक्षण, कोशी प्रदेश २०८०/८१ को प्रकाशन गरिएको।

- संघीय सरकारबाट प्रदेश सरकारलाई सशर्त, समपूरक र विशेष अनुदानलाई प्रदेश सरकारको वार्षिक बजेटमा समावेश गरी कार्यान्वयनमा सहजीकरण गरिएको।
- संघीय सरकारबाट आर्थिक वर्षको बीचमा प्राप्त थप निकासालाई प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश गरी कार्यान्वयनमा सहजीकरण गरिएको।
- प्रदेश सरकारबाट स्थानीय तहलाई हस्तान्तरण गरिने सशर्त र समपूरक अनुदानको कार्यान्वयनमा आवश्यक सहजीकरण गरिएको।
- संघीय सरकारका विभिन्न निकाय र स्थानीय तहसँग नियमित समन्वय र आपसी सहयोग आदानप्रदान गरिएको।
- विभिन्न ऐन, नियम, कार्यविधि, निर्देशिका र मापदण्डको मस्यौदा तयार गरी स्वीकृतका लागि सम्बन्धित निकाय समक्ष पेश गरिएको।
- बजेट तर्जुमा र कार्यान्वयन सम्बन्धि अन्य विविध कार्यहरु सम्पादन गरिएको।
- राजस्व परामर्श समिति गठन र प्रतिवेदन पेश गरिएको।
- राजस्व संकलन तथा खर्चको सम्बन्धी नियमित अनुगमन गरिएको।
- MTEF तयारीमा आवश्यक समन्वय गरिएको।
- विषयगत मन्त्रालय/निकायको मागको आधारमा कार्यक्रम संशोधन, रकमान्तर, थप बजेट लगायत कार्यमा सहजीकरण।
- विषयगत मन्त्रालय र निकायलाई बजेट कार्यान्वयनमा आवश्यक सहयोग र सहजीकरण गरिएको।
- विभिन्न निकायले माग गरेका जानकारी, प्रगति प्रतिवेदन तथा सूचना लगायतका विवरण उपलब्ध गराइएको ।

मन्त्रालयले वर्षभरिमा गरेका प्रमुख कार्यहरुको विवरणलाई मासिक रुपमा तपसिल बमोजिम उल्लेख गरिएकोछ।

### ५.१ मन्त्रालयको मासिक कार्यसम्पादन विवरण

| क्र.सं. | सम्पादन भएको प्रमुख कार्यहरु | कार्यान्वयन स्थिति | पहिचान भएका प्रमुख समस्या | समाधानका प्रयास |
|---|---|---|---|---|
| **आ.व.२०८०/८१ को श्रावण महिनामा सम्पादन भएका प्रमुख कार्यहरु** | | | | |
| १ | बजेट कार्यान्वयन सम्बन्धी कार्य | ➢ विषयगत मन्त्रालय तथा निकायहरुलाई आ.ब.२०८०/०८१ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन पठाइएको। | | |
| २ | राय/सहमति प्रदान | ➢ बिभिन्न मन्त्रालयबाट माग भए बमोजिम १ वटा कार्यविधि, १ वटा निर्देशिका तथा १ वटा नियमावलीमा सहमति प्रदान गरिएको । | | |

| | | | | |
|---|---|---|---|---|
| | | ➢ बिभिन्न ५ वटा मन्त्रालयबाट माग भए अनुसार संगठन संरचना तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन प्रस्तावमा सहमति प्रदान गरिएको। | | |
| | | ➢ १ वटा कार्यालयमा सहायक कम्प्युटर अपरेटर करारमा लिई कामकाज गराउन सहमति प्रदान गरिएको। | | |
| | | ➢ प्रदेश योजना आयोगको घरभाडा बृद्धीका लागि सहमति प्रदान गरिएको । | | |
| ३ | प्रगति समिक्षा | ➢ गत आ.ब.२०७९/०८० को मन्त्रालय र अन्तर्गतका निकायको बार्षिक प्रगति समिक्षा सम्पन्न गरिएको । | | |
| | | ➢ गत आ.ब.२०७९/०८० को मन्त्रालय र अन्तर्गतका निकायको बार्षिक प्रगति विवरणको प्रस्तुतीकरण तयार पारिएको। | | |
| | | ➢ प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन,२०७६ को दफा ४१ बमोजिमको वार्षिक प्रतिवेदन तयार पारी सम्वन्धित निकायमा प्रेषित गरिएको । | | |
| | | ➢ २०८० असार महिनाको मन्त्रालय र अन्तर्गतका निकायको प्रगति विवरण तयार पारिएको । | | |
| ४ | विवरण माग गरिएको | ➢ कोशी प्रदेशका सचिवालय, सबै मन्त्रालय, आयोग तथा कार्यालयबाट गत आ.ब. २०७९/०८० को बजेट कार्यान्वयनको वार्षिक प्रगति प्रतिवेदन माग गरि पत्राचार गरिएको। | | |
| | | ➢ प्रतिबद्धता रकमको वार्षिक विवरण उपलब्ध गराउने सम्बन्धमा पत्राचार गरिएको। | | |
| | | ➢ राय सहमतिका लागि प्राप्त १ वटा विषयमा थप विवरण माग गरीएको। | | |
| ५ | सूचना प्रविधि | ➢ Website का विभिन्न feature अध्यावधि । | | |
| | | ➢ Office Automation System अध्यावधि का लागि Developer संग सहकार्य एवं समन्वय । | | |
| | | ➢ ई-हाजिरीको नयाँ Device Configuration एवं संचालन। | | |
| | | ➢ सूचनाको हक सम्बन्धी चौथो त्रैमासिक प्रतिवेदन तयार गरी website मा प्रकाशन गरिएको। | | |

| | | | | |
|---|---|---|---|---|
| ६ | बेरुजु फस्यौंट सम्बन्धी कार्य | ➢ बेरुजु फस्यौंट सम्बन्धी निर्देशिकाको प्रारम्भिक मस्यौदा तयार गरिएको। | | |
| ७ | ऐन संशोधनको प्रारम्भिक मस्यौदा | ➢ प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ लाई संशोधनको लागि विभिन्न प्रतिवेदनहरु अध्ययन गरी प्रारम्भिक मस्यौदा तयार गरिएको। | | |
| ८ | आचारसंहिताको मस्यौदा | ➢ आर्थिक मामिला तथा योजना मन्त्रालय र अन्तर्गतका कर्मचारीहरुको आचारसंहिताको प्रारम्भिक मस्यौदा तर्जुमा गरिएको। | | |
| ९ | विवरण तयार गरिएको | ➢ विभिन्न निकायहरुबाट माग भएका विवरण तयार गरी पेश गरिएको। | | |
| १० | अन्य विविध कार्य | ➢ बजेट तथा कार्यक्रम कार्यान्वयन कार्ययोजनाको मस्यौदा तयारी, | | |
| | | ➢ अनुगमन प्रतिवेदन तथा वार्षिक प्रगति प्रतिवेदनको ढाँचा/फारम स्वीकृत गर्ने सम्बन्धी प्रक्रिया अगाडी बढाइएको। | | |
| ११ | प्रशासनिक कार्य | ➢ खरिद शाखा तथा मुल्यांकन समिति गठन गरिएको । | | |
| | | ➢ जिन्सी निरीक्षण प्रतिवेदन तयार गरिएको । | | |
| | | ➢ करार सेवाको सम्झौता नबिकरण/म्याद थप गरिएको। | | |
| | | ➢ घरभाडाको सम्झौता नबिकरण/म्याद थप गरिएको। | | |
| | | ➢ IT उपकरणहरुका लागि बार्षिक मर्मत सम्झौता (AMC) गरिएको । | | |
| | | ➢ सुरक्षा गार्ड तर्फको सेवा लिन सम्झौता गरिएको । | | |
| | | ➢ का.स.मू. फाराम मुल्यांकित गराई सम्बन्धित निकायमा पठाइएको । | | |
| | | ➢ सम्पत्ति बिवरण फारामको सिलबन्दी खाम संकलन कार्य भइरहेको । | | |
| | | ➢ मन्त्रालयको O & M को मस्यौदा तयार गरिएको । | | |
| | | ➢ मा. मन्त्रीज्यूको निवास मर्मतका लागि आवश्यक कारवाही अगाडी बढाईएको । | | |

| | | | | |
|---|---|---|---|---|
| | | ➢ प्रशासन शाखाबाट गर्नुपर्ने दैनिक प्रशासनिक कार्यका अतिरिक्त पाक्षिक, मासिक रुपमा प्रतिवेदनहरु तयार गरी सम्बन्धीत निकायहरुमा पठाईएको । | | |
| १२ | विधेयक तथा कार्यविधिको मस्यौदा तर्जुमा र मन्त्रिपरिषद् प्रस्ताव तयारी | ➢ कोशी प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८० | | |
| | | ➢ आर्थिक वर्ष २०८०।८१ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८०, | | |
| | | ➢ खाजा खर्च सम्बन्धी कार्यविधि २०८० को प्रारम्भिक मस्यौदा | | |
| १३ | कानूनी सेवा परामर्श सम्बन्धी | ➢ सात वटा फरक फरक रिट निवेदनको लिखित जवाफको मस्यौदा गरिएको र सम्वन्धित निकायमा जवाफ पेश गरिएको। | | |
| | | ➢ उच्च अदालत विराटनगरमा भएको अन्तरिम आदेशको सम्बन्धमा भएको छलफलमा सहभागि। | | |
| | | ➢ विविध विषयमा राय परामर्श प्रदान गरिएको गरिएको। | | |
| १४ | अनुदान व्यवस्थापन सम्बन्धी | ➢ प्रदेशका १३७ वटा स्थानीय तहलाई आ.व. २०८०/०८१ को अन्तर-सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी मार्गदर्शन पठाइएको। | | |
| | | ➢ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट माग भई आएको कार्य सम्पादन सूचकको प्रगति विवरण पठाईएको। | | |
| **<u>आ.व.२०८०/८१ को भाद्र महिनामा सम्पादन भएका प्रमुख कार्यहरु</u>** | | | | - |
| १ | बजेट निर्माण सम्बन्धी कार्य | ➢ कोशी प्रदेश आर्थिक अध्यादेश, २०८० (दोश्रोपटक) तयार गरिएको। | | |
| | | ➢ कोशी प्रदेश विनियोजन अध्यादेश, २०८० (दोश्रोपटक) तयार गरिएको। | | |
| २ | बजेट कार्यान्वयन सम्बन्धी कार्य | ➢ आ.ब.२०८०/०८१ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन पठाइएको। | | |
| ३ | राय/सहमति प्रदान गरिएको | ➢ बिभिन्न मन्त्रालयबाट माग भए बमोजिम १ वटा कार्यविधि, १ वटा निर्देशिकामा सहमति प्रदान गरिएको। | | |

| | | | | |
|---|---|---|---|---|
| | | ➢ बिभिन्न २ वटा मन्त्रालयबाट माग भए अनुसार संगठन संरचना तथा करार सेवामा नियुक्तिका लागि सहमति प्रदान गरिएको। | | |
| | | ➢ पोर्टल सञ्चालनका लागि प्रदेश सरकार मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्न सहमति । | | |
| ४ | संघीय मन्त्रालयसँग समन्वय | ➢ प्राविधिक सहयोग, समन्वय र सहजीकरणका लागि अर्थ मन्त्रालय, काठमाण्डौमा २ पटक अनुरोध गरि पत्राचार गरिएको । | | |
| ५ | जानकारि तथा विवरण सम्बन्धमा। | ➢ राय सहमतिका लागि प्राप्त २ वटा विषयमा थप विवरण माग गरीएको। | | |
| | | ➢ नुनढाकी तातोपानी धार्मिक तथा पर्यटकीय क्षेत्र संरक्षण तथा सौन्दर्यकरण कार्यक्रममा बजेट व्यवस्थापनका बिषयमा माग भएको जानकारी सम्वन्धित निकायमा उपलब्ध गराइएको। | | |
| | | ➢ माग बमोजिमको विवरण तयार गरि सम्बन्धित २ वटा निकायमा पठाइएको । | | |
| ६ | सूचना प्रविधि | ➢ ई हाजिरि नियमित रुपमा अध्यावधिक गरिएको। | | |
| ७ | कार्यविधिको मस्यौदा तर्जुमा र मन्त्रिपरिषद्मा प्रस्ताव पेश | ➢ खाजा खर्च सम्बन्धी कार्यविधि, २०८० को मस्यौदा निर्णयका लागि म.प. प्रस्ताव पेश गरिएको।। | | |
| ८ | बेरुजु फस्यौंट अनुगमन सम्बन्धी कार्य | ➢ बेरुजु फस्यौंट अनुगमन समितिको बैठक सम्बन्धी कार्यविधि मस्यौदा तर्जुमा गरी स्वीकृतिको लागि पेश गरिएको। | | |
| | | ➢ बेरुजु फस्यौंट अनुगमन समितिको बैठक सञ्चालनमा सहयोग गरिएको र निर्णय कार्यान्वयनको लागि लेखी पठाइएको। | | |
| ९ | विधेयक तर्जुमाको अवधारणापत्र मस्यौदा | ➢ प्रदेश तथ्याङ्क सम्बन्धी विधेयक तर्जुमाको लागि अवधारणापत्रको प्रारम्भिक मस्यौदा तयार गरिएको। | | |
| | कर्मचारी प्रशासन सम्बन्धी | ➢ मन्त्रालयको O & M को प्रारम्भिक मस्यौदा तयार गरिएको। | | |
| | | ➢ कर्मचारीको आ.ब. २०७९/०८० को कार्य सम्पादन मुल्याङ्कन सम्बन्धी कार्य सम्पन्न गरिएको। | | |

| | | | | |
|---|---|---|---|---|
| | | ➢ सम्पत्ति विवरण फारम संकलन गरि सम्बन्धित निकायमा पठाईएको । | | |
| | | ➢ प्रशासन शाखाबाट गर्नुपर्ने दैनिक प्रशासनिक कार्यका अतिरिक्त पाक्षिक, मासिक रुपमा प्रतिवेदनहरु तयार गरी सम्बन्धीत निकायहरुमा पठाईएको । | | |
| १० | संरचनागत सुधार | ➢ मा. मन्त्रीज्यूको निवासमा वाल प्यानेलिङ्गको मर्मत कार्य सम्पन्न गरिएको । | | |
| ११ | अन्य विविध कार्य | ➢ बेरुजु फस्यौंट (प्रक्रिया तथा अनुगमन) सम्बन्धी मार्गदर्शनको मस्यौदा तर्जुमा गरिएको। | | |
| | | ➢ प्रदेशको प्रथम आवधिक योजनाको समीक्षाका लागि विवरण/ढाँचा तयार गरिएको। | | |
| | | ➢ कार्यविस्तृतीकरण प्रतिवेदनमा सुझाव संकलन सम्बन्धी कार्यक्रममा सहभागी भएको तथा मन्त्रालयको तर्फ सुझाव उपलब्ध गराइएको। | | |
| | | ➢ प्रदेश योजना आयोगबाट प्राप्त अनुगमन तथा मूल्याङ्कन दिग्दर्शनको मस्यौदा अध्ययन गरी केही सुझाव/परिमार्जन गरिएको तथा सो को जानकारी प्रदेश योजना आयोगलाई उपलब्ध गराइएको। | | |
| | | ➢ वित्तीय सुशासन जोखिम मूल्याङ्कनको लागि विवरण तयार गर्न सहयोग गरिएको। | | |
| | | ➢ अनुगमन मूल्याङ्कन समितिको बैठकको निर्णय कार्यान्वयनको लागि लेखी पठाउन सहयोग आदि। | | |
| **<u>आ.व.२०८०/८१ को असोज महिनामा सम्पादन भएका प्रमुख कार्यहरु</u>** | | | | - |
| १ | बजेट कार्यान्वयन सम्बन्धी कार्य | ➢ राष्ट्रिय युवा परिचालन कार्यक्रम (संघ सशर्त अनुदान) को रकम बाँडफाँट गरिएको। | | |
| २ | राय/सहमति प्रदान गरिएको | ➢ मन्त्रालयबाट माग भए बमोजिम १ वटा कार्यविधिमा सहमति प्रदान गरिएको । | | |
| | | ➢ २ वटा मन्त्रालय अन्तर्गतका कार्यालयको अस्थायी संगठन संरचना तथा दरबन्दी सम्बन्धी प्रस्ताव प्रदेशस्तरीय संगठन तथा व्यवस्थापन समितिमा पेश गर्न सहमति प्रदान गरिएको। | | |
| | | ➢ १ वटा कार्यालयको घरभाडा बृद्धीका लागि सहमति प्रदान गरिएको। | | |

| | | | | |
|---|---|---|---|---|
| ३ | विधेयक/ निर्देशिकाको मस्यौदा तर्जुमा गरिएको। | ➢ बेरुजु फस्यौंट सम्बन्धी निर्देशिकाको मस्यौदा तर्जुमा र प्रारम्भिक छलफल गरिएको। | | |
| | | ➢ प्रदेश तथ्याङ्क सम्बन्धी विधेयक तर्जुमाको लागि अवधारणापत्रको प्रारम्भिक मस्यौदा तयार गरिएको। | | |
| | | ➢ प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७८ लाई संशोधन गर्न तीनमहले मस्यौदा तयार गरिएको। | | |
| | | ➢ कोशी प्रदेश सामयिक कर असूल सम्बन्धी विधेयक तर्जुमा गर्न प्रदेश सरकारबाट सैद्धान्तिक स्वीकृति लिई विधेयकको मस्यौदा तयार गरिएको। | | |
| ४ | जानकारि तथा विवरण सम्बन्धमा। | ➢ राय सहमतिका लागि प्राप्त १ वटा विषयमा थप विवरण माग गरीएको। | | |
| | | ➢ माग बमोजिमको विवरण तयार गरि सम्बन्धित २ वटा निकायमा पठाइएको । | | |
| | | ➢ एकीकृत राष्ट्रिय तथ्याङ्क अभिलेख व्यवस्थापन प्रणाली स्थापना सम्बन्धी सिफारिस समिति/कार्यसमूहको लागि प्रदेश योजना आयोगबाट माग भए बमोजिम विवरण तथा राय सुझाव तयार गरी पठाइएको। | | |
| ५ | सूचना प्रविधि | ➢ ई हाजिरि नियमित रुपमा अध्यावधिक गरिएको। | | |
| ६ | कार्यविधिको मस्यौदा तर्जुमा र मन्त्रिपरिषद्मा प्रस्ताव पेश | ➢ कोशी प्रदेश सामयिक राजश्व संकलन सम्बन्धी विधेयक, २०८० मस्यौदा गरी स्वीकृतिका लागि प्रदेश सरकार मन्त्रिपरिषद्मा प्रस्ताव पेश गरिएको। | | |
| ७ | कृषि आयमा कर सम्बन्धमा | ➢ कृषि आयमा कर प्रदेश सञ्चित कोषमा दाखिला गर्ने व्यवस्थाको लागि संघ अर्थ मन्त्रालयलाई अनुरोध गर्ने सम्बन्धमा प्रदेश सरकार (म.प.)को निर्णय अनुसार पत्र पठाइएको। | | |
| ८ | जिन्सि खरिद | ➢ मन्त्रालयलाई आवश्यक पर्ने मसलन्द सामाग्रीहरुको खरिद शिलबन्दी दरभाउ पत्र मार्फत गर्न सूचना आब्हान गरिएको । | | |
| ९ | शासकीय सुधार | ➢ प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०७७ को नियम ३१ बमोजिम मूल्याङ्कन तथा अनुगमन एकाईको बैठक बसेको । | | |

| | | | | |
|---|---|---|---|---|
| १० | अन्य विविध कार्य | ➢ प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०७७ को नियम ३१ बमोजिम मूल्याङ्कन तथा अनुगमन एकाईको बैठकको निर्णय कार्यान्वयनको लागि लेखी पठाइएको। | | |
| | | ➢ प्रदेशस्तरीय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शनको मस्यौदा तर्जुमा गर्न प्रदेश योजना आयोगलाई सहयोग गरिएको। | | |
| **<u>आ.व.२०८०/८१ को कार्तिक महिनामा सम्पादन भएका प्रमुख कार्यहरु</u>** | | | | - |
| १ | बजेट निर्माण सम्बन्धी कार्य | ➢ बजेट प्रतिस्थापन सम्बन्धी प्रारम्भिक छलफलका लागि विवरण तयार गरिएको। | | |
| | | ➢ प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS)मा बजेट सम्बन्धी तथ्याङ्क परिमार्जन तथा सम्पादन(Edit) गर्ने स्वीकृती लिन संघीय अर्थ मन्त्रालयलाई पत्राचार गर्न मन्त्रिपरिषद्बाट अनुमति लिइएको । | | |
| २ | राय/सहमति प्रदान गरिएको | ➢ एकवटा मन्त्रालयबाट माग भए बमोजिम अन्तर्गतका कार्यालयमा चार पाङ्ग्रे सवारि साधन खरिदका लागि सहमति प्रदान गरिएको । | | |
| | | ➢ एकवटा मन्त्रालय अन्तर्गतका कर्मचारीहरुको समायोजन संशोधन पेश गर्न सहमति प्रदान गरिएको। | | |
| | | ➢ १ वटा कार्यालयको घरभाडा बृद्धीका लागि सहमति प्रदान गरिएको। | | |
| ३ | मस्यौदा तर्जुमा | ➢ प्रदेश कर तथा गैरकर राजस्व सम्बन्धी ऐनलाई प्रतिस्थापन गर्ने विधेयकको अवधारणापत्रको मस्यौदा तर्जुमा गरिएको। | | |
| | | ➢ सूचनाको हक सम्बन्धी त्रैमासिक स्वतः प्रकाशन गरिने विवरणलाई परिमार्जन गर्न सहयोग गरिएको। | | |
| | | ➢ अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तेत्तीसौं वार्षिक प्रतिवेदनका सुझावहरु कार्यान्वयन कार्ययोजनाको प्रारम्भिक मस्यौदा तर्जुमा गरिएको। | | |
| | | ➢ प्रदेशस्तरीय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शनको मस्यौदा तर्जुमा गर्न प्रदेश योजना आयोगसँग समन्वय गरिएको। | | |

| | | | | |
|---|---|---|---|---|
| ४ | प्रतिवेदन तयारी सम्बन्धी | ➢ अनुगमन तथा मूल्याङ्कन सम्बन्धी त्रैमासिक प्रगति प्रतिवेदन तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको। | | |
| | | ➢ आ.व.२०७९/८० को बजेट कार्यान्वयनको वार्षिक प्रगति प्रतिवेदन website मा प्रकाशन गरिएको । | | |
| ५ | सूचना प्रविधि | ➢ सूचनाको हक सम्बन्धी प्रथम त्रैमासिक प्रतिवेदन तयार गरी website मा प्रकाशन गरिएको | | |
| ६ | कानून निर्माण | ➢ प्रदेश सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भएको कोशी प्रदेश सामयिक राजश्व संकलन सम्बन्धी विधेयक, २०८० प्रदेश सभामा पेश गर्न दर्ता गरिएको | | |
| ७ | संघीय मन्त्रालयसँग समन्वय | ➢ अर्थ मन्त्रालयसँग बजेट सम्बन्धी तथ्याङ्क परिमार्जन तथा सम्पादन गर्ने निर्णय कार्यान्वयनका लागि प्राविधिक सहयोग र सहजीकरणका लागि अनुरोध। | | |
| ९ | जिन्सि खरिद | ➢ शिलबन्दी दरभाउ पत्र मार्फत मन्त्रालयलाई आवश्यक पर्ने मसलन्द सामाग्रीहरुको खरिद सम्झौता गरी कार्यादेश दिइएको । | | |
| **आ.व.२०८०/८१ को मंसिर महिनामा सम्पादन भएका प्रमुख कार्यहरु** | | | | - |
| १ | बजेट सम्बन्धी कार्य | ➢ बजेट प्रतिस्थापन विधेयक २०८०/०८१ को अन्तिम मस्यौदा तयार गरिएको। | | |
| | | ➢ सबै मन्त्रालय, सचिवालय, आयोग तथा निकायहरुमा आ.ब. २०८०/०८१ को बजेट कार्यान्वयन मार्गदर्शन सम्बन्धि पत्राचार गरिएको । | | |
| २ | मन्त्रिपरिषद्मा पेश भएको प्रस्ताव | ➢ कोशी प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक,२०८० | | |
| | | ➢ आर्थिक वर्ष २०८०/०८१ को सेवा र कार्यका लागि प्रदेश सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | | |
| | | ➢ अर्थ सम्बन्धी प्रतिस्थापन विधेयकसाथ प्रदेश सभामा प्रस्तुत गर्ने बजेट वक्तव्य, | | |
| | | ➢ आर्थिक वर्ष २०८०/०८१ को स्रोतगत र शीर्षकगत व्ययको विवरण। | | |

| | | | | |
|---|---|---|---|---|
| | | ➢ प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS)मा बजेट सम्बन्धी तथ्याङ्क परिमार्जन तथा सम्पादन(Edit) गर्न थप समयसीमा थप गर्ने सम्बन्धमा । | | |
| ३ | संघीय मन्त्रालयसँग समन्वय | ➢ PLMBIS मा कायम बजेट सम्बन्धि Data लाइ TSA र CGAS मा स्थानान्तरण गरिदिनुहुन लागि अनुरोध गरि पत्राचार गरिएको। | | |
| | | ➢ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा सशर्त अनुदान सम्बन्धी विवरण पुनः उपलब्ध गराइएको । | | |
| ४ | छपाइ तथा प्रकाशन सम्बन्धी कार्य | ➢ बजेटसँग सम्बन्धी पुस्तिकाहरु छपाई गरिएको । | | |
| | | ➢ आ.व.२०७९/८० को बजेट कार्यान्वयनको वार्षिक प्रगति प्रतिवेदन प्रकाशन गरिएको। | | |
| ५ | ऐन संशोधन/ दिग्दर्शनको मस्यौदा तर्जुमा | ➢ प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ लाई संशोधनको तीनमहले मस्यौदा तर्जुमा एवम् छलफलमा समन्वय गरिएको। | | |
| | | ➢ प्रदेशस्तरीय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शनको मस्यौदा तर्जुमा सम्बन्धी कार्यका लागि प्रदेश योजना आयोगसँग सहकार्य गरिएको। | | |
| ६ | प्रतिवेदन/विवरण तयारी सम्बन्धी | ➢ प्रदेश पार्श्वचित्र (Province Profile) प्रकाशनको लागि आर्थिक तथा वित्तीय क्षेत्रका तथ्याङ्क संकलन एवम् अद्यावधिक गरी प्रदेश योजना आयोगमा पठाइएको। | | |
| | | ➢ प्रदेशको प्रथम आवधिक योजनाको समीक्षाको लागि आवश्यक तथ्याङ्क/विवरण तयारी गरी प्रदेश योजना आयोगमा पठाइएको। | | |
| | | ➢ नेपाल राष्ट्रबैंक, विराटनगर कार्यालयले माग गरे अनुसार त्रैमासिक प्रगति विवरण तयार गरी पठाइएको। | | |
| | | ➢ प्रदेशस्तरीय अनुगमन तथा मूल्याङ्कन समितिको बैठकको निर्णयहरु कार्यान्वयनको प्रगति विवरण तयार गरी पठाइएको। | | |
| ७ | राजस्व व्यवस्थापन | ➢ स्थानिय तहलाई राजस्वका विषयमा राय प्रदान गरिएको। | | |

| | | | | |
|---|---|---|---|---|
| | | ➢ आर्थिक ऐन कार्यान्वयनका लागी विषयगत मन्त्रालयमा पत्राचार गरिएको । | | |
| ८ | सूचना प्रविधि | ➢ ई हाजिरि अध्यावधिक तथा व्यवस्थापन सम्बन्धी कार्य। | | |
| ९ | अन्य विविध कार्य | ➢ आन्तरिक लेखापरीक्षणको एकीकृत वार्षिक प्रतिवेदन कार्यान्वयनको लागि सबै मन्त्रालय/ निकायमा लेखी पठाएको। | | |
| | | ➢ प्रदेश सभा सार्वजनिक लेखा समितिले माग गरेको विवरण तयारीमा छलफल एवम् समन्वय गरिएको। | | |
| | | ➢ कर्मचारीहरुलाइ विविध बिषयका छलफल, तालिम तथा गोष्ठिमा सहभागी गराइएको। | | |
| | | ➢ संघ सशर्त अनुदान तर्फका आयोजना/कार्यक्रम सम्बन्धी समस्या समाधानका लागि संघीय मन्त्रालयसँग समन्वय गर्न अनुरोध गरि सम्बन्धित बिषयगत मन्त्रालयमा पत्राचार गरिएको । | | |
| | | ➢ नियमित रुपमा सम्पन्न गर्नुपर्ने कार्यका अतिरिक्त पाक्षिक, मासिक रुपमा प्रतिवेदनहरु तयार गरी सम्बन्धीत निकायहरुमा पठाईएको । | | |
| **आ.व.२०८०/८१ को पौष महिनामा सम्पादन भएका प्रमुख कार्यहरु** | | | | - |
| १ | बजेट व्यवस्थापन सम्बन्धी कार्य | ➢ आगामी आ.व. २०८१/०८२ को लागि आय-व्ययको प्रक्षेपण गरिएको विवरण अर्थ मन्त्रालय, सिंहदरबार काठमाण्डौ पठाइएको । | | |
| २ | बजेट कार्यान्वियन सम्बन्धी कार्य | ➢ १ वटा मन्त्रालयबाट माग भए अनुसार संघ सशर्त अनुदानतर्फको रकम बाँडफाँट गरिएको। | | |
| ३ | राय सहमति सम्बन्धी | ➢ १ वटा नियमावली, १ वटा प्रादेशिक नीति तथा विविध १ वटा विषयमा राय सहमति प्रदान गरिएको गरिएको। | | |
| | | ➢ १ वटा कार्यालयको घरभाडा वृद्धीका लागि सहमति प्रदान गरिएको गरिएको । | | |
| ४ | कानून तथा कार्यविधि सम्बन्धी मस्यौदा तर्जुमा | ➢ कोशी प्रदेश कर तथा गैरकर राजस्व सम्बन्धी विधेयक तर्जुमा गर्न बनेको अवधारणापत्रमा सैद्धान्तिक सहमति लिने प्रक्रिया अघि बढाउन पेश गरिएको। | | |

| | | | | |
|---|---|---|---|---|
| | | ➢ बेरुजु न्यूनीकरण तथा फस्योंट सम्बन्धी कार्यविधि, २०८० को मस्यौदामा राय सुझावका लागि सबै मन्त्रालय/निकायमा पठाइएको। | बेरुजु फस्योंट सम्बन्धी कार्यविधिको मस्यौदामा ७ दिनभित्र राय सुझाव पठाउन अनुरोध गरी २०८०/९/२३ गते पत्राचार भएकोमा पौष मसान्तसम्म एउटा मन्त्रालयबाट मात्र सुझाव प्राप्त भएको। | |
| | | ➢ प्रदेशस्तरीय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शनको मस्यौदा तर्जुमा सम्बन्धी कार्यमा प्रदेश योजना आयोगलाई सहयोग गरिएको। | | |
| | | ➢ आर्थिक मामिला तथा योजना मन्त्रालय र अन्तरगतका कर्मचारीहरुको आचरण, २०८० को मस्यौदामा छलफल गरी स्वीकृतिको लागि पेश गरिएको। | | |
| ५ | विवरण/प्रतिवेदन तयारी सम्बन्धी | ➢ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट माग भए अनुसार सुशासन सम्बन्धी कानूनी व्यवस्था कार्यान्वयनको विवरण पठाउन तयारी गरिएको। | | |
| | | ➢ सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०७७ को नियम ३९ (अनुसूची-६) अनुसार मन्त्रालय/कार्यालय निरीक्षण गर्ने सम्बन्धी कार्यमा समन्वय गरिएको। | सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०७७ को नियम ३९ (अनुसूची-६) अनुसार यस मन्त्रालय | |

| | | | | |
|---|---|---|---|---|
| | | | मातहतका कार्यालयको निरीक्षण गर्न बाँकी रहेको। | |
| | | ➢ प्रदेश पार्श्वचित्रमा र आवधिक योजनाको समीक्षा प्रतिवेदनमा समावेश हुने राजस्व तथा खर्च सम्बन्धी विवरण अद्यावधिक गरी प्रदेश योजना आयोगमा पठाइएको। | | |
| | | ➢ प्रदेश समन्वय परिषद्को बैठकमा पेश गर्न पठाउने बुँदाहरु र जलवायु परिवर्तन वित्त सम्बन्धी मूल्याङ्कन सूचकहरुको विवरण तयार गरिएको। | | |
| ६ | राजस्व व्यवस्थापन | ➢ स्थानिय तहलाई राजश्व तथा प्रदेश सरकारको आर्थिक ऐनको दरको विषयमा राय प्रदान गरिएको गरेको । | | |
| | | ➢ आर्थिक ऐन कार्यान्वयनका लागी विषयगत मन्त्रालयमा पत्रचार गरेको । | | |
| | | ➢ राजश्व विवरण अध्यावधिक गरिएको । | | |
| | | ➢ नेपाल सरकार अर्थ मन्त्रालयको माग बमोजिमको विवरण तयार गरिएको । | | |
| ७ | विकास सहायता तथा अनुदान व्यवस्थापन सम्बन्धी | ➢ राष्ट्रिय योजना आयोगको सूचना बमोजिम आगामी आ.व. २०८१।०८२ मा संघीय समपूरक तथा विशेष अनुदान अन्तर्गत कार्यान्वयन हुने आयोजना/कार्यक्रम लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा सबै मन्त्रालय/निकायहरुलाई मिति २०८०।०९।१३ मा पत्राचार गरिएको । | | |
| | | ➢ मिति २०८०।०९।२३ मा माननीय मुख्यमन्त्रीज्यूको समुपस्थितिमा संघीय समपूरक तथा विशेष अनुदान सम्बन्धी छलफल कार्यक्रम आयोजना गरिएको । | | |
| ८ | सूचना प्रविधि | ➢ ई हाजिरि अध्यावधिक तथा व्यवस्थापन सम्बन्धी कार्य। | | |
| ९ | अन्य विविध कार्य | ➢ विभिन्न मन्त्रालयबाट आवश्यक कार्यवाहीका लागि प्राप्त २ वटा विषयमा थप विवरण माग गरिएको । | | |

| | | | | |
|---|---|---|---|---|
| | | ➢ महालेखापरीक्षकको कार्यालयद्वारा आयोजित छलफल कार्यक्रममा प्रदेशको समग्र आर्थिक अवस्थाको प्रस्तुतीकरण गरिएको र कार्यक्रममा सहभागी भएको। | | |
| | | ➢ प्रदेश सभा सार्वजनिक लेखा समितिमा महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा छलफलका लागि विवरण तयार गरिएको। | | |
| | | ➢ मन्त्रालयको लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण समितिको बैठक बसेको। (आ.व.२०७९/८० को वित्तीय सुशासन जोखिम मूल्याङ्कन गरिएको।) | | |
| | | ➢ कर्मचारीहरुलाइ विविध बिषयका छलफल, तालिम तथा गोष्ठिमा सहभागी गराइएको। | | |
| | | ➢ दैनिक प्रशासनिक कार्यका अतिरिक्त पाक्षिक, मासिक रुपमा प्रतिवेदनहरु तयार गरी सम्बन्धित निकायहरुमा पठाईएको । | | |
| **आ.व.२०८०/८१ को माघ महिनामा सम्पादन भएका प्रमुख कार्यहरु** | | | | - |
| १ | बजेट व्यवस्थापन सम्बन्धी कार्य | ➢ आ.व. २०८१/०८२ का लागि संघीय समपूरक र विशेष अनुदानबाट कार्यान्वयन गर्नका लागि छनौट भएका आयोजना/कार्यक्रमहरुको प्रस्ताव विद्युतीय प्रणाली मार्फत राष्ट्रिय योजना आयोगमा पेश गरेको । | | |
| २ | बजेट कार्यान्वयन सम्बन्धी कार्य | ➢ १ वटा मन्त्रालयको माग बमोजिम संघ सशर्त अनुदानको थप बजेट PLMBIS प्रविष्टि गरिएको । | | |
| | | ➢ २ वटा मन्त्रालयको माग बमोजिम कार्यक्रम संशोधन तथा PLMBIS प्रविष्टि गरिएको। | | |
| | | ➢ २ वटा मन्त्रालयबाट माग बमोजिम रकमान्तर तथा PLMBIS प्रविष्टि गरिएको । | | |
| ३ | राय सहमति सम्बन्धी | ➢ विभिन्न मन्त्रालयबाट माग भए अनुसार १ वटा कार्यविधि, १ वटा निर्देशिका, १ वटा नर्म्स, १ वटा मापदण्ड तथा १ वटा ऐन संशोधनको मस्यौदामा राय सहमति प्रदान गरिएको गरिएको । | | |
| | | ➢ आर्थिक दायित्व सम्बन्धी विविध २ वटा विषयमा सहमति प्रदान गरिएको । | | |

| | | | | |
|---|---|---|---|---|
| ४ | कानून तथा कार्यविधि सम्बन्धी मस्यौदा तर्जुमा | ➢ प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को संशोधन मस्यौदामा छलफल गरिएको। | | |
| | | ➢ बेरुजु न्यूनीकरण तथा फस्यौंट सम्बन्धी कार्यविधि, २०८० को मस्यौदामा सरकारी बाँकी असुल उपरको कार्यप्रक्रिया समेत समावेश गर्ने गरी मस्यौदा तयार गरिएको। | | |
| | | ➢ कर तथा गैरकर राजस्व सम्बन्धी विधेयक मस्यौदा तर्जुमा गर्ने विषयमा मुख्यमन्त्री तथा म.प. कार्यालय/PLGSP सँग छलफल गरिएको। | | |
| | | ➢ लिलाम बिक्री तथा मिनाहा सम्बन्धी कार्यविधिको मस्यौदा तर्जुमा गर्ने कार्यमा समन्वय गरिएको । | | |
| | | ➢ बुहुवर्षीय आयोजनाको ठेक्का सहमति सम्बन्धी मापदण्डको प्रारम्भिक मस्यौदा तयार गरिएको । | | |
| | | ➢ आन्तरिक लेखापरिक्षण कार्यविधिको मस्यौदा राय सहमतिको लागि पठाइएको। | | |
| ५ | विवरण/प्रतिवेदन तयारी सम्बन्धी | ➢ महालेखापरीक्षकको कार्यालयबाट कोशी प्रदेशको ५ वटा वार्षिक प्रतिवेदनमा औंल्याइएको मन्त्रालयसँग सम्बन्धित बेरुजुको जवाफ तथा प्रतिक्रिया तयार गरी प्रदेश सभा, सार्वजनिक लेखा समितिमा पठाइएको। | | |
| | | ➢ आ.व.२०८०/८१ को बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन तयार गरी प्रकाशित गरिएको । | | |
| | | ➢ नेपाल सरकारद्वारा गठन भएको उच्चस्तरीय कर प्रणाली सुधार सुझाव समितिलाई प्रदेशको करप्रणाली सुधारका लागि सुझावका बुँदाहरु तयार गरी पठाइएको। | | |
| ६ | राजस्व व्यवस्थापन | ➢ स्थानिय तहलाई राजश्व तथा प्रदेश सरकारको आर्थिक ऐनको दरको विषयमा राय प्रदान गरिएको गरिएको । | | |
| | | ➢ राजश्व विवरण अध्यावधिक गरिएको। | | |
| | | ➢ राजश्व जम्मा गर्न मालपोत कार्यालयमा पत्रचार गरिएको। | | |
| ७ | सूचना प्रविधि | ➢ ई हाजिरि अध्यावधिक तथा व्यवस्थापन सम्बन्धी कार्य। | | |

| | | | | |
|---|---|---|---|---|
| ८ | अन्य विविध कार्य | ➢ विभिन्न मन्त्रालयबाट आवश्यक कार्यवाहीका लागि प्राप्त ३ वटा विषयमा थप विवरण माग गरिएको । | | |
| | | ➢ बेरुजु फस्यौंट अनुगमन समितिको बैठकमा समन्वय गरिएको । | | |
| | | ➢ आयोजना बैंक व्यवस्थापन कार्यविधि अनुसार सफ्टवेयरमा सुधार गर्नुपर्ने विषयमा छलफल गरिएको। | | |
| | | ➢ विभिन्न कार्यक्रमहरुमा मन्त्रालयको तर्फबाट प्रतिनिधित्व गराइएको। | | |
| | | ➢ दैनिक प्रशासनिक कार्यका अतिरिक्त पाक्षिक, मासिक रुपमा प्रतिवेदनहरु तयार गरी सम्बन्धत निकायहरुमा पठाईएको । | | |
| <u>आ.व.२०८०/८१ को फाल्गुन महिनामा सम्पादन भएका प्रमुख कार्यहरु</u> | | | | - |
| १ | बजेट व्यवस्थापन सम्बन्धी कार्य | ➢ सचिवालय, सबै मन्त्रालय, आयोग तथा कार्यालयलाइ बजेट समर्पण सम्बन्धमा पत्राचार गरिएको । | | |
| | | ➢ १ वटा मन्त्रालयलाइ बजेट व्यवस्थापनका विषयमा पत्राचार गरिएको । | | |
| २ | बजेट कार्यान्वयन सम्बन्धी कार्य | ➢ १ वटा मन्त्रालयका लागि संघ सशर्त अनुदानमा प्राप्त थप बजेट PLMBIS प्रविष्ट गरिएको । | | |
| | | ➢ प्रदेश सरकार म.प.को निर्णय बमोजिम १ वटा मन्त्रालयलाइ अर्थ विविधबाट थप बजेट निकासा गरिएको । | | |
| | | ➢ बिभिन्न मन्त्रालयबाट माग भए बमोजिम १५ वटा फायलबाट कार्यक्रम संशोधन/रकमान्तर, थप बजेट निकासा, तथा PLMBIS प्रविष्ट गरिएको । | | |
| ३ | राय सहमति सम्बन्धी | ➢ विभिन्न मन्त्रालयबाट माग भए अनुसार २ वटा कार्यविधिमा राय सहमति प्रदान गरिएको गरिएको । | | |
| | | ➢ आर्थिक दायित्व सम्बन्धी विविध २ वटा विषयमा सहमति प्रदान गरिएको गरिएको । | | |
| | | ➢ संगठन संरचना तथा दरबन्दी हेरफेर सम्बन्धी विषयमा १ वटा मन्त्रालयको माग बमोजिम सहमति प्रदान गरिएको गरिएको। | | |

| | | | | |
|---|---|---|---|---|
| ४ | कानून, नीति तथा कार्यविधिको मस्यौदा तर्जुमा | ➢ बेरुजु न्यूनीकरण तथा फस्यौंट सम्बन्धी कार्यविधि, २०८० को मस्यौदामा मन्त्रालयहरुबाट प्राप्त राय, सुझाव अनुसार परिमार्जन गरिएको। राय, सहमतिका लागि आन्तरिक मामिला तथा कानून मन्त्रालयमा पठाइएको। | | |
| | | ➢ आर्थिक मामिला तथा योजना मन्त्रालय र अन्तर्गतका कर्मचारीको पदीय वा पेशागत आचारसंहिता, २०८० स्वीकृत गरिएको। | | |
| | | ➢ कोशी प्रदेश आन्तरिक लेखापरिक्षण सम्बन्धी कार्यविधि, २०८० र बुहुवर्षीय आयोजनाको ठेक्का सहमति सम्बन्धी मापदण्डको मस्यौदा तयार गरिएको। | | |
| ५ | विवरण/प्रतिवेदन सम्बन्धी | ➢ राष्ट्रिय तथ्याङ्कको एकीकृत अभिलेख प्रणाली सिफारिस समितिको प्रतिवेदनमा राय, सुझाव तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको। | | |
| | | ➢ दोस्रो आवधिक योजनाको लागि मन्त्रालयसँग सम्बन्धित विषयको प्रारम्भिक मस्यौदा तयार गरिएको। | | |
| | | ➢ उच्चस्तरीय प्रशासन सुधार कार्यदलको प्रतिवेदन कार्यान्वयन कार्ययोजनाको प्रारम्भिक मस्यौदा तर्जुमा गरिएको। | | |
| | | ➢ अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा संशोधन सम्बन्धी राय, सुझावका बुँदाहरु टिपोट गरिएको र सो सम्वन्धि छलफलमा मन्त्रालयको तर्फबाट सुझावहरु प्रस्तुत गरिएको। | | |
| | | ➢ आ.व.२०७९/८० को मन्त्रालयको अन्तिम लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन मस्यौदामा राय/प्रतिक्रियाको बुँदाहरु टिपोट गरेको। | | |
| | | ➢ संघ समपूरक र विशेष अनुदानको समस्या र सुझावका बुँदाहरु टिपोट गरी सम्बन्धित निकायमा पठाइएको। | | |
| ६ | राजस्व व्यवस्थापन | ➢ राजश्व विवरण अध्यावधिक गरिएको। | | |
| ७ | मन्त्रिपरिषद् प्रस्ताव | ➢ कोशी प्रदेश आन्तरिक लेखापरिक्षण कार्यविधि, २०८० स्वीकृत गर्ने सम्बन्धमा म.प. प्रस्ताव | | |

| | | | | |
|---|---|---|---|---|
| | | तयार गरिएको। | | |
| ८ | सूचना प्रविधि | ➢ ई हाजिरि अध्यावधिक तथा व्यवस्थापन सम्बन्धी कार्य। | | |
| ९ | जिन्सी व्यवस्थापन | ➢ मा. राज्यमन्त्री ज्यूको आवासका लागि आवश्यक पर्ने सामाग्रीहरुको व्यवस्थापन गरिएको । | | |
| | | ➢ कार्यालयका लागि आवश्यक दुई पाङ्ग्रे सवारी साधन खरिद गरिएको । | | |
| १० | अन्य विविध कार्य | ➢ National Data Portal को प्रयोग सम्बन्धमा तथ्याङ्क कार्यालय र प्रदेश योजना आयोगसँग छलफल गरिएको। | | |
| | | ➢ PLMBIS मा सुधार गर्नुपर्ने विषय टिपोट गरी सम्वन्धित निकायमा प्रेषित गरिएको। | | |
| | | ➢ NAMS मा बेरुजुको एकीकृत रिपोर्ट हेर्न मिल्ने व्यवस्था गरिदिन र बेरुजु फस्यौट कार्यविधि मस्यौदामा नायव महालेखापरीक्षकसँग छलफल गरिएको। | | |
| | | ➢ दोस्रो आवधिक योजनाको अवधारणापत्र मस्यौदामा सुझावका बुँदाहरु तयारी गरिएको। | | |
| | | ➢ वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) पोर्टलमा विवरण प्रविष्टि गर्न सहयोग गरिएको। | | |
| | | ➢ सार्वजनिक लेखा समितिको सवलीकरण तथा बेरुजु फस्यौंट सम्बन्धी PLGSP को कार्यक्रम तयारीमा सहयोग गरिएको। | | |
| | | ➢ विभिन्न मन्त्रालयबाट आवश्यक कार्यवाहीका लागि प्राप्त ३ वटा विषयमा थप विवरण माग गरिएको । | | |
| **आ.व.२०८०/८१ को चैत्र महिनामा सम्पादन भएका प्रमुख कार्यहरु** | | | | - |
| १ | बजेट व्यवस्थापन सम्बन्धी कार्य | ➢ आगामी आ.ब. २०८१/०८२ का लागि बिषयगत मन्त्रालय/सचिवालय/आयोग/कार्यालयसँग सम्बन्धित निकायको माग र आवश्यकता पहिचान गर्ने उद्देश्यले प्रस्ताव गरिने बजेट तथा कार्यक्रमका विषयमा प्रारम्भिक छलफल गरीएको। | | |

| | | | | |
|---|---|---|---|---|
| | | ➢ आगामी आ.ब. २०८१/०८२ का लागि सबै मन्त्रालय/सचिवालय/आयोग/कार्यालयका लागि कार्यक्रम तथा आयोजनामा बजेट प्रस्ताव गर्न बजेट सिमा प्रदान गरिएको गरिएको। | | |
| | | ➢ आगामी आ.ब. २०८१/०८२ को बजेट सीमा र मार्गदर्शन पठाइएको। | | |
| २ | बजेट कार्यान्वयन सम्बन्धी कार्य | ➢ सम्बन्धित मन्त्रालयको माग अनुसार २७ वटा फायलबाट कार्यक्रम संशोधन/रकमान्तर तथा PLMBIS प्रविष्ट गरिएको । | | |
| ३ | म.प.मा पेश गर्न राय सहमति प्रदान गरिएको सम्बन्धी | ➢ बिभिन्न मन्त्रालयबाट माग भए बमोजिम ४ वटा कार्यविधि तथा निर्देशिकामा राय सहमति प्रदान गरिएको । | | |
| | | ➢ दरबन्दी सिर्जना सम्बन्धी १ वटा प्रतिवेदनमा सहमति प्रदान गरिएको गरिएको । | | |
| | | ➢ आर्थिक दायित्व सम्बन्धी विविध ५ वटा विषयमा सहमति प्रदान गरिएको गरिएको । | | |
| ४ | कानून, नीति तथा कार्यविधिको मस्यौदा तर्जुमा | ➢ बेरुजु न्यूनीकरण तथा फस्यौंट सम्बन्धी कार्यविधि, २०८० स्वीकृतिका लागि म.प. प्रस्ताव तयार गरिएको। स्वीकृत कार्यविधि कार्यान्वयनको लागि सबै मन्त्रालय/निकायमा लेखी पठाइएको। | | |
| | | ➢ कन्टिन्जेन्सी खर्च व्यवस्थापनको लागि सार्वजनिक खर्चको मापदण्ड र मितव्ययीता सम्बन्धी निर्देशिका, २०७९ मा संशोधनको प्रारम्भिक मस्यौदा तयार गरिएको। | | |
| ५ | विवरण/प्रतिवेदन सम्बन्धी | ➢ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ संशोधन मस्यौदामा राय, सुझाव तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको। | | |
| | | ➢ दोस्रो आवधिक योजनाको लागि मन्त्रालयसँग सम्बन्धित विषयको प्रारम्भिक मस्यौदा तयार गरिएको। | | |
| | | ➢ राष्ट्रिय विकास समस्या समाधान समितिको ५२ औं बैठकमा प्रदेशबाट पेश गर्ने बुँदाहरु तयारी एवम् छलफल गरी मुख्यमन्त्री तथा म.प. कार्यालयमा पठाइएको। | | |

| | | | | |
|---|---|---|---|---|
| | | ➢ मूल्याङ्कन तथा अनुगमन एकाईको मिति २०८०/०६/१८ गते बसेको बैठकबाट भएका निर्णय कार्यान्वयनको प्रगति विवरण उपलब्ध गराइदिन मातहत कार्यालयमा पत्राचार गरिएको। | | |
| ६ | राजस्व व्यवस्थापन | ➢ स्थानीय तहलाई राजस्वको विषयमा राय प्रदान गरिएको गरिएको। | | |
| | | ➢ आर्थिक ऐन कार्यान्वयनका लागी विषयगत मन्त्रालयमा पत्राचार गरिएको । | | |
| | | ➢ २ पटक स्रोत अनुमान तथा खर्च सीमा निर्धारण समिति बैठक आयोजना गरिएको। | | |
| | | ➢ ३ वटा स्थानीय तहको राजश्व संकलन सम्बन्धी विवरण अनुगमन गरिएको । | | |
| ७ | मन्त्रिपरिषद्मा प्रस्ताव पेश | ➢ आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८० स्वीकृतीका लागि प्रस्ताव तयार गरि म.प.मा पेश गरिएको। | | |
| ८ | तालिम/कार्यक्रममा सहभागी | ➢ प्रदेशको आवधिक योजना तर्जुमा सम्बन्धमा मन्त्रालयका सम्पर्क व्यक्ति (फोकल पर्सन) र विज्ञसमूहसँग छलफल तथा अन्तरक्रिया कार्यक्रममा सहभागी भएको। | | |
| ९ | सूचना प्रविधि | ➢ ई हाजिरी अध्यावधिक तथा व्यवस्थापन सम्बन्धी कार्य।<br>➢ मन्त्रालयको वेभसाइट अध्यावधिक तथा व्यवस्थापन सम्बन्धी कार्य गरिएको।<br>➢ समपुरक अनुदानको प्रस्ताव पेश गर्नका लागि प्रयोग गरिने प्रणाली Provincial CSgrants लाइ प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि २०७५, दोस्रो संसोधन बमोजिम अध्यावधिक गर्न गराउन विकास सहायता तथा अनुदान व्यवस्थापन शाखा तथा Software प्रदायक संस्थासंग सहकार्य एवं समन्वय गरिएको। | | |
| १० | जिन्सी व्यवस्थापन | ➢ मा. राज्यमन्त्रीज्यूको आवासका लागि आवश्यक पर्ने सामाग्रीहरुको व्यवस्थापन गरिएको । | | |
| | | ➢ कार्यालयका लागि आवश्यक दुई पाङ्ग्रे सवारी साधन खरिद गरिएको । | | |
| ११ | अन्य विविध कार्य | ➢ अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम महाशाखामा आवश्यक प्राविधिक सहयोग उपलब्ध | | |

| | | | | |
|---|---|---|---|---|
| | | गराइदिनुहुन पत्राचार गरिएको । | | |
| | | ➢ बिभिन्न मन्त्रालयबाट आवश्यक कारवाहीका लागि प्राप्त ४ वटा विषयमा थप विवरण माग गरिएको । | | |
| | | ➢ बेरुजु फस्यौंट अनुगमन समितिको बैठकको निर्णय अनुसार NAMS मा आवश्यक व्यवस्था मिलाइदिनको लागि महालेखा परीक्षकको कार्यालयमा लेखी पठाइएको। | | |
| | | ➢ राजस्व सम्बन्धी सुझाव तयार गरी संघीय अर्थ मन्त्रालय (वित्तीय संघीयता समन्वय महाशाखा)मा पठाइएको। | | |
| | | ➢ प्रदेशको समग्र वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) का लागि कागजात संकलन गर्न सहयोग गरिएको। | | |
| | | ➢ कर्मचारी तह बृद्धि निर्देशिका, २०८० मा राय सहमति तथा विविध विषयमा आवश्यक छलफल गरिएको। | | |
| <u>आ.व.२०८०/८१ को बैशाख महिनामा सम्पादन भएका प्रमुख कार्यहरु</u> | | | | - |
| १ | बजेट व्यवस्थापन सम्बन्धी कार्य | ➢ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोबाट सिफारिस भई आएको आगामी आ.व. २०८१।०८२ का लागि राजस्व बाँडफाँट र वित्तीय समानीकरण अनुदानको विवरण सम्बन्धमा १३७ वटै स्थानीय तहमा पत्राचार गरिएको । | | |
| २ | बजेट कार्यान्वयन सम्बन्धी कार्य | ➢ सम्बन्धित मन्त्रालय/निकायको माग अनुसार २ वटा फायलबाट कार्यक्रम संशोधन/रकमान्तर तथा PLMBIS प्रविष्ट गरिएको । | | |
| ३ | राय सहमति प्रदान गरिएको सम्बन्धी | ➢ दोस्रो आवधिक योजनाको अवधारणा पत्रमा सहमति प्रदान गरिएको गरिएको । | | |
| | | ➢ आर्थिक दायित्व सम्बन्धी विविध १ वटा विषयमा सहमति प्रदान गरिएको । | | |
| | | ➢ प्रदेश निजामती सेवा नियमावली, २०८० मा राय सहमति प्रदान गरिएको । | | |

| | | | | |
|---|---|---|---|---|
| ४ | कानून संशोधनको मस्यौदा तर्जुमा | ➢ कन्टिन्जेन्सी खर्च व्यवस्थापनको लागि सार्वजनिक खर्चको मापदण्ड र मितव्ययीता सम्बन्धी निर्देशिका, २०७९ र प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ को संशोधन मस्यौदामा सबै मन्त्रालय/निकायको राय, सुझावका लागि पठाइएको। | | |
| | | ➢ प्रदेश आकष्मिक कोष सञ्चालन ऐन, २०७५ संशोधनको प्रारम्भिक मस्यौदा तयार गरिएको। | | |
| ५ | विवरण/प्रतिवेदन सम्बन्धी | ➢ आर्थिक बुलेटिन तयार गरी वेवसाइटमार्फत् प्रकाशन गरिएको। | | |
| | | ➢ दोस्रो आवधिक योजनाको लागि मन्त्रालयसँग सम्बन्धित विषयको मस्यौदा र नतिजा खाका तयार गरिएको। | | |
| | | ➢ अन्तरसरकारी वित्त परिषद्को बैठकमा प्रदेशबाट पेश गर्ने बुँदाहरु तयारी गरी पेश गरिएको। | | |
| | | ➢ उच्चस्तरीय प्रशासन सुधार कार्यदलको प्रतिवेदन, २०८० का सुझावहरु कार्यान्वयका लागि स्वीकृत कार्ययोजना सहित मातहत कार्यालयमा पत्राचार गरिएको। | | |
| | | ➢ बेरुजु फस्यौंट सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको। | | |
| | | ➢ आर्थिक सर्वेक्षणको लागि संघ अर्थ मन्त्रालयमा विवरण पठाइएको। | | |
| | | ➢ प्रादेशिक आर्थिक सर्वेक्षण तयारी गर्न कार्यदल गठन र विवरण माग गरिएको। | | |
| ६ | राजस्व व्यवस्थापन | ➢ चार पटक राजश्व परामर्श विषयगत समितिको बैठकको सम्पन्न गरिएको। | | |
| | | ➢ राजश्व परामर्श विषयगत समितिको ३ वटा प्रतिवेदन तयार गरिएको। | | |
| ७ | बढुवा सम्बन्धी कार्य | ➢ प्रदेश निजामती सेवा ऐन, २०७९ पहिलो संशोधन, २०८० तथा कर्मचारीको स्वत बढुवा तथा तहबृद्धी सम्बन्धी निर्देशिका, २०८० बमोजिम यस मन्त्रालय वा अन्तर्गतका निकायमा कार्यरत लेखा समूहका कर्मचारीहरुको स्वत | | |

| | | | | |
|---|---|---|---|---|
| | | बढुवा व्यवस्थापन सम्बन्धी कार्य गरिएको। | | |
| ८ | तालिम/कार्यक्रममा सहभागी | ➢ विभिन्न कार्यक्रमहरुमा मन्त्रालयको तर्फबाट प्रतिनिधित्व गराएको। | | |
| ९ | सूचना प्रविधि | ➢ ई हाजिरी अध्यावधिक तथा व्यवस्थापन सम्बन्धी कार्य गरिएको। | | |
| | | ➢ मन्त्रालयको वेभसाइट अध्यावधिक तथा व्यवस्थापन सम्बन्धी कार्य गरिएको। | | |
| १० | अन्य विविध कार्य | ➢ बिभिन्न मन्त्रालयबाट आवश्यक कारवाहीका लागि प्राप्त ५ वटा विषयमा थप विवरण माग गरिएको । | | |
| | | ➢ मन्त्रालयको शासकीय सुधार एकाईको बैठकमा शासकीय सुधारका सम्बन्धमा छलफल गरिएको। | | |
| | | ➢ राजस्व सम्बन्धी थप सुझाव तयार गरी संघ अर्थ मन्त्रालय (वित्तीय संघीयता समन्वय महाशाखा)मा पठाइएको। | | |
| | | ➢ महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा समावेश गर्ने प्रतिवेदनमा राय, प्रतिक्रिया तयार गरी पठाइएको। | | |
| | | ➢ प्रदेश कर तथा गैरकर राजस्व सम्बन्धी विधेयक तर्जुमा समिति गठनका लागि पेश गरिएको। | | |
| | | ➢ त्रैमासिक प्रगती विवरण तयार गरि मन्त्रालयको वेभ साइटमा प्रकाशन गरिएको। | | |
| **आ.व.२०८०/८१ को जेष्ठ महिनामा सम्पादन भएका प्रमुख कार्यहरु** | | | | - |
| १ | बजेट निर्माण सम्बन्धी कार्य | ➢ प्रदेश सभामा पेश गर्न विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकताको मस्यौदा तयार पारिएको तथा त्यसलाई अन्तिम रुप प्रदान गरी प्रदेशसभामा पेश गरिएको। | | |
| | | ➢ कोशी प्रदेश आर्थिक विधेयक,२०८१, तथा कोशी प्रदेश विनियोजन विधेयक,२०८१ तयार गरिएको। | | |

| | | | | |
|---|---|---|---|---|
| | | ➢ आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्य तयार गरिएको। | | |
| | | ➢ प्रदेश सरकारले स्थानीय तहलाई प्रदान गर्ने समपूरक अनुदानका आयोजना/कार्यक्रम छनौट गरी PLMBIS प्रविष्ट गरिएको। | | |
| | | ➢ बिषयगत मन्त्रालयको माग बमोजिम PLMBIS मा ब.उ.शी.नं., कार्यालय कोड तथा क्रियाकलाप कोड, सिर्जना गरिएको। | | |
| २ | बजेट कार्यान्वयन सम्बन्धी कार्य | ➢ सम्बन्धित मन्त्रालय/निकायको माग अनुसार ११५ वटा फायलबाट कार्यक्रम संशोधन/रकमान्तर तथा PLMBIS प्रविष्ट गरिएको तथा आवश्यकता बमोजिम LMBIS प्रविष्ट स्वीकृत गरिएको। | | |
| ३ | राय सहमति प्रदान गरिएको सम्बन्धी | ➢ कार्यविधि -१ वटा, निर्देशिका १ वटा, विधेयक तयार गर्न सैद्धान्तिक सहमति-२ वटा र विधेयक प्रदेश सभामा प्रस्तुत गर्न सहमति-१ वटा गरि जम्मा पाँच वटा विषयमा राय सहमति प्रदान गरिएको गरिएको । | | |
| | | ➢ आर्थिक दायित्व सम्बन्धी विविध ३ वटा विषयमा सहमति प्रदान गरिएको गरिएको । | | |
| ४ | कानून संशोधनको मस्यौदा तर्जुमा | ➢ कन्टिन्जेन्सी खर्च व्यवस्थापनको लागि सार्वजनिक खर्चको मापदण्ड र मितव्ययीता सम्बन्धी निर्देशिका, २०७९ र प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ को संशोधन मस्यौदामा आन्तरिक मामिला तथा कानून मन्त्रालयको राय, सहमतिका लागि पठाउन आवश्यक प्रक्रिया अगाडी बढाइएको। | | |
| ५ | प्रकाशन/प्रतिवेदन सम्बन्धी | ➢ प्रादेशिक आर्थिक सर्वेक्षण, कोशी प्रदेश २०८०/८१ तर्जुमा सम्बन्धी कार्य गरिएको। | | |
| | | ➢ आर्थिक बुलेटिन तयार गरी वेवसाइटमार्फत् प्रकाशन गरिएको। | | |
| | | ➢ दोस्रो आवधिक योजनाको लागि मन्त्रालयसँग सम्बन्धित विषयको नतिजा खाका र कार्यक्रमहरु तयार गरिएको। | | |
| | | ➢ राजश्व परामर्श समितिको प्रतिवेदन तयार गरिएको। | | |

| | | | | |
|---|---|---|---|---|
| | | ➢ स्थानीय तहको कर तथा गैरकर निर्धारण सम्बन्धी (राजस्व परामर्श विषयगत समितिको) प्रतिवेदन तयार गरिएको | | |
| ६ | छलफल तथा बैठकको आयोजना | ➢ आर्थिक सर्वेक्षण तयारी सम्बन्धी ३ वटा बैठक सम्पन्न गरिएको। | | |
| | | ➢ राजस्व परामर्श विषयगत समितिको २ वटा बैठक सम्पन्न गरिएको। | | |
| | | ➢ सचिवालय, सबै मन्त्रालय,आयोग तथा कार्यालय सँग विभिन्न मितिमा आगामी आ.ब.२०८१/०८२ को बजेट तर्जुमा सम्बन्धी १२ वटा बैठक सम्पन्न गरिएको। | | |
| | | ➢ राजश्व परामर्श समितिको १ पटक बैठक सम्पन्न गरिएको। | | |
| | | ➢ स्रोत अनुमान तथा खर्च सीमा निर्धारण समितिको १ पटक बैठक सम्पन्न गरिएको। | | |
| | | ➢ स्थानीय तहका पदाधिकारीसँग आर्थिक विधेयकको विषयमा सुझावका लागी १ पटक बैठक सम्पन्न गरिएको। | | |
| | | ➢ मालपोत कार्यालय प्रमुखसँगको अन्तरक्रिया कार्यक्रम १ पटक बैठक सम्पन्न गरिएको। | | |
| | | ➢ यातायात कार्यालयका प्रमुखसँगको १ पटक बैठक सम्पन्न गरिएको। | | |
| | | ➢ समपूरक अनुदान छनौट समितिको २ पटक बैठक सम्पन्न गरिएको। | | |
| ७ | निर्णयका लागि मन्त्रिपरिषद्मा पेश भएका प्रस्ताव | ➢ नेपाल सरकारसँग सशर्त अनुदानमा थप बजेट माग गर्ने सम्बन्धमा आवश्यक तयारी गरी मन्त्रिपरिषद्मा प्रस्ताव पेश गरिएको। | | |
| | | ➢ आर्थिक वर्ष २०८१/८२ को लागि आयोजना/ कार्यक्रमको प्रस्ताव गर्ने तथा आयोजना बैंक प्रयोग सम्बन्धमा मन्त्रिपरिषद् प्रस्ताव तयार गरी पेश गरिएको। | | |
| | | ➢ आर्थिक वर्ष २०८१/८२ को लागि प्रदेश सभामा पेश गरिने बजेटसँग सम्बन्धित बिषय। | | |
| ८ | सूचना प्रविधि | ➢ ई हाजिरी अध्यावधिक तथा व्यवस्थापन सम्बन्धी कार्य गरिएको। | | |
| | | ➢ मन्त्रालयको वेभसाइट अध्यावधिक तथा | | |

| | | | | |
|---|---|---|---|---|
| | | व्यवस्थापन सम्बन्धी कार्य गरिएको। | | |
| ९ | अन्य विविध कार्य | ➢ विभिन्न मन्त्रालय/कार्यालय तथा निकायमा माग बमोजिम PLMBIS User ID र Password उपलब्ध गराइएको। | | |
| | | ➢ बजेट वक्तव्यमा समावेश गर्न प्रदेश सरकारको हालसम्मको मुख्य उपलब्धिको विवरण र मन्त्रालयगत खर्चको विवरण तयार गरिएको। | | |
| **<u>आ.व.२०८०/८१ को आषाढ महिनामा सम्पादन भएका प्रमुख कार्यहरु</u>** | | | | |
| १ | संघीय मन्त्रालयसँग समन्वय | ➢ सशर्त अनुदानमा थप बजेट उपलब्ध गराइदिनुहुनका लागि अनुरोध गरी नेपाल सरकार, अर्थ मन्त्रालयमा पत्राचार गरीएको। | | |
| २ | बजेट कार्यान्वयन सम्बन्धी कार्य | ➢ सम्बन्धित मन्त्रालय/निकायको माग अनुसार ८४ वटा फायलबाट कार्यक्रम संशोधन/रकमान्तर तथा PLMBIS प्रविष्ट अद्यावधिक गरिएको र आवश्यकता बमोजिम LMBIS प्रविष्ट स्वीकृत गरिएको। | | |
| ३ | राय सहमति प्रदान गरिएको सम्बन्धी | ➢ गठन आदेश-४, कार्यविधि-३, निर्देशिका-१ मार्गदर्शन-१ विनियमावली-१, मापदण्ड-१ गरि जम्मा ११ वटा विषयमा राय सहमति प्रदान गरिएको गरिएको।<br>➢ आर्थिक दायित्व सम्बन्धी विविध ३ वटा विषयमा सहमति प्रदान गरिएको गरिएको । | | |
| ४ | कानून संशोधनको मस्यौदा तर्जुमा | ➢ प्रदेश तथ्याङ्क विधेयकको अवधारणापत्र तयारी सम्बन्धी कार्य गरिएको।<br>➢ राजस्व सुधार कार्ययोजना र प्रदेशको कर तथा गैरकर राजस्व सम्बन्धी विधेयकको मस्यौदा तयार गरिएको। | | |
| ५ | प्रकाशन/<br>प्रतिवेदन सम्बन्धी | ➢ मध्यमकालीन खर्च संरचना (MTEF) तर्जुमा सम्बन्धी कार्य गरिएको।<br>➢ आर्थिक बुलेटिन (२०८१ असार महिनाको अंक) तयारी/प्रकाशन गरिएको।<br>➢ दोस्रो आवधिक योजनामा समावेश हुने समष्टिगत बजेट खाका तयार गरी पठाइएको। | | |
| ६ | कर्मचारी प्रशासन | ➢ यस मन्त्रालय वा अन्तर्गतका निकायमा कार्यरत कर्मचारीहरुको तहबृद्धि गर्ने प्रयोजनका लागि | | |

| | | | | |
|---|---|---|---|---|
| | सम्बन्धी | निवेदन पेश गर्ने सम्बन्धी सूचना प्रकाशन गरिएको । | | |
| ७ | तालिम/कार्यक्रममा सहभागी | ➢ विभिन्न मन्त्रालय/निकायबाट आयोजित तालिम/ कार्यक्रममा मन्त्रालयबाट प्रतिनिधित्व गरिएको। | | |
| ८ | छलफल तथा बैठकको आयोजना | ➢ राजश्व सुधार कार्ययोजनाको प्रतिवेदन तयारीका लागि १ पटक बैठकको आयोजना गरिएको। | | |
| ९ | सूचना प्रविधि | ➢ ई हाजिरी अध्यावधिक तथा व्यवस्थापन सम्बन्धी कार्य गरिएको।<br>➢ मन्त्रालयको वेभसाइट अध्यावधिक तथा व्यवस्थापन सम्बन्धी कार्य गरिएको। | | |
| १० | अन्य विविध कार्य | ➢ स्थानीय तहलाइ PLMBIS को USER ID र PASSWORD उपलब्ध गराएको।<br>➢ बिभिन्न मन्त्रालयबाट आवश्यक कार्यवाहीका लागि प्राप्त ३ वटा विषयमा थप विवरण माग गरिएको।<br>➢ बजेट पेश भए पछिको प्रेस मिटको तयारी गरिएको।<br>➢ प्रदेश बीमा नीति तर्जुमा समिति गठनको लागि पेश गरिएको।<br>➢ आ.व.२०८०/८१ को वित्तीय समानीकरण अनुदानको बाँकी रकम निकासा गरिदिन अर्थ मन्त्रालयमा पत्र पठाइएको।<br>➢ प्रदेश आर्थिक ऐनको प्रावधान (ट्राफिक दण्ड जरिवाना, कृषि आय कर) कार्यान्वयन गर्न पत्र पठाउने तयारी गरिएको।<br>➢ मिति २०८१।०३।०२ मा प्रदेशका सबै (१३७) स्थानीय तहमा अन्तर-सरकारी वित्तीय हस्तान्तरणको विवरण पठाईएको।<br>➢ बजेट सम्बन्धि प्रकाशनहरु सम्बन्धित विषयगत मन्त्रालय/निकायलाई उपलब्ध गराइएको। | | |

## ६. मन्त्रालयसँग सम्बन्धित ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्डको विवरणः

| क्र.सं. | तर्जुमा गरिएको कानूनको नाम | संख्या | स्वीकृत/लागु मिति | कैफियत |
|---|---|---|---|---|
| १ | कोशी प्रदेश विनियोजन अध्यादेश, २०८० | १ | २०८०/०५/२४ | |

| | | | | |
|---|---|---|---|---|
| २ | कोशी प्रदेश आर्थिक अध्यादेश, २०८० | १ | २०८०/०५/२४ | |
| ३ | कोशी प्रदेश आर्थिक ऐन, २०८० | १ | २०८०/०८/१५ | |
| ४ | कोशी प्रदेश विनियोजन ऐन, २०८० | १ | २०८०/०८/१५ | |
| ५ | कोशी प्रदेश आर्थिक ऐन, २०८१ | १ | २०८१/०३/१३ | |
| ६ | कोशी प्रदेश विनियोजन ऐन, २०८१ | १ | २०८१/०३/१३ | |
| ७ | कोशी प्रदेश सामयिक राजस्व संकलन सम्बन्धि ऐन, २०८० | १ | २०८०/०९/२२ | |
| ८ | खाजा खर्च सम्बन्धि कार्यविधि, २०८० | १ | २०८०/०५/३१ | |
| ९ | कोशी प्रदेश आन्तरिक लेखापरिक्षण कार्यविधि, २०८० | १ | २०८०/११/२६ | |
| १० | आर्थिक मामिला तथा योजना मन्त्रालय र अन्तर्गतका कर्मचारीहरुको पदीय वा पेशागत आचारसंहिता, २०८० | १ | २०८०/११/२० | |
| ११ | बेरुजु न्यूनीकरण तथा फछ्र्यौट सम्बन्धि कार्यविधि, २०८० | १ | २०८०/१२/०९ | |
| १२ | आयोजनाको वहुवर्षिय ठेक्का सहमति सम्बन्धि मापदण्ड, २०८० | १ | २०८०/१२/२६ | |

<u>**अन्य प्रकाशनहरुः-**</u>

- बजेटको प्रतिस्थापन विधेयक २०८० बमोजिमका विभिन्न प्रकाशनहरु
- प्रादेशिक आर्थिक सर्वेक्षण, कोशी प्रदेश २०८०/०८१
- विनियोजन विधेयक २०८१ का सिद्धान्त र प्राथमिकताहरु
- बजेटसंग सम्वन्धित अन्य प्रकाशनहरु
- व्यय अनुमानको विवरण २०८१/८२ (रातो किताब)
- कार्यक्रम र परियोजना अनुसार बजेट विनियोजन, २०८१/८२ (कार्यक्रम पुस्तिका)
- २०८१/८२ को लागि स्थानीय तहलाई वित्तीय हस्तान्तरणको विवरण
- बजेटको वार्षिक प्रगति प्रतिवेदन, २०७९/८०
- बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन, २०८०/०८१
- मध्यमकालिन खर्च संरचना-२०८१/०८२-२०८३/०८४
- आर्थिक बुलेटिनहरु
- सूचनाको हकसम्वन्धि नियमित प्रकाशनहरु
- अन्य नियमित प्रकाशनहरु

## ७. अन्तर्गतका निकायहरुः

### प्रदेश लेखा नियन्त्रक कार्यालय

**परिचय**

प्रदेश लेखा नियन्त्रक कार्यालय बिराटनगर, मोरङ, कोशी प्रदेश, प्रदेश सरकारको संचित कोष सञ्चालन गर्ने जिम्मेवार निकाय हो ।आर्थिक प्रशासन सम्बन्धमा आवश्यकतानुसार महालेखा नियन्त्रक कार्यालयसँगको समन्वयमा यस

कार्यालयले प्रदेश संचित कोषको लेखा अद्यावधिक रुपमा राख्ने तथा सो को वार्षिक वित्तीय विवरण तयार गर्ने कार्य गर्नुका साथै प्रदेश भित्रका सबै सरकारी कारोबारको एकिकृत वित्तीय विवरण तयार गरी महालेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षकको कार्यालयमा पेश गर्ने कार्य गर्दछ ।

**कार्यक्षेत्रहरु:**

१. लेखा राख्ने प्रयोजनका लागि लेखा ढाँचा महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत गराई प्रयोगमा ल्याउने,
२. आर्थिक नियमको परिपालना सम्बन्धमा आवश्यकतानुसार कार्यालयको निरीक्षण गरी आवश्यक निर्देशन दिने,
३. आर्थिक प्रशासन सम्बन्धमा उठेका विवादहरुमा राय दिई समाधान गर्ने जस्ता कार्यहरु यस कार्यालयको कार्यक्षेत्र भित्र पर्दछन् ।

**प्रदेश लेखा नियन्त्रक कार्यालयको संगठन संरचना**

| सि.नं. | पद | श्रेणी | दरबन्दी संख्या | पदपूर्ति संख्या | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रदेश लेखा नियन्त्रक | रा.प.द्वितीय | १ | १ | | |
| २ | लेखा अधिकृत | रा.प.तृतीय | ४ | २ | २ | |
| ३ | लेखापाल | रा.प.अनं.प्रथम | ४ | ३ | १ | |
| ४ | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम | १ | १ | | |
| ५ | सहलेखापाल | रा.प.अनं.द्वितीय | ४ | ३ | १ | |
| ६ | ह.स.चा. | श्रेणी विहिन | २ | २ | | करारमा |
| ७ | कार्यालय सहयोगी | श्रेणी विहिन | ४ | ४ | | करारमा |
| **जम्मा :** | | | २० | १६ | ४ | |

## ८. आ.व.२०८०/८१ मा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट सम्पादित प्रमुख कार्यहरु

| क्र.सं. | सम्पादन भएको प्रमुख कार्यहरु | कार्यान्वयन स्थिति | पहिचान भएका प्रमुख समस्या | समाधानका प्रयास |
|---|---|---|---|---|
| १. | बजेट निकासाका लागि कार्यान्वयन मार्गदर्शन | आ.व. २०८०/८१ को बजेट निकासा मार्गदर्शन प्रदेश लेखा इकाइ कार्यालयहरुमा प्रेषित गरिएको। | - | - |
| ४. | आर्थिक विवरण प्रकाशन/पेश | प्रदेशको आ.व. २०७९/८० को आय-व्ययको वार्षिक प्रतिवेदन कात्तिक मसान्त भित्र महालेखा नियन्त्रक कार्यालय समक्ष पेश गरिएको र वेभसाईटमार्फत सार्वजनिक समेत गरिएको। | - | - |
| ५. | आन्तरिक लेखा परीक्षण | प्रदेश लेखा नियन्त्रक कार्यालय र इकाई कार्यालयहरुबाट आन्तरिक लेखा परीक्षण नियमित रुपमा गरिएको र एकीकृत प्रतिवेदन माननीय आर्थिक मामिला तथा योजना मन्त्री समक्ष पेश गरिएको । | - | - |
| ६. | स्थानीय तहलाई अनुदान हस्तान्तरण र राजस्व बाँडफाँट | स्थानीय तहलाई प्रदेश सरकारबाट प्रदान गरिएको गरिने अनुदान तथा मासिक रुपमा सवारी करको रकम बाँडफाँड गरी उपलब्ध गराइएको। | - | - |
| ७. | आर्थिक प्रशासन सम्बद्ध जनशक्ति व्यवस्थापन | सरुवा, काज, पदस्थापन, तालिम तथा प्रोत्साहन सरुवा/ समायोजन सहमति सम्वन्धि | - | - |

| क्र.सं. | सम्पादन भएको प्रमुख कार्यहरु | कार्यान्वयन स्थिति | पहिचान भएका प्रमुख समस्या | समाधानका प्रयास |
|---|---|---|---|---|
| | | कार्यसम्पादन गरिएको आदि। | | |
| ८. | प्रदेश स्थित सरकारी सम्पत्तिको एकीकृत विवरण | सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) को प्रयोग | सबै निकायमा लागू नभएको जिन्सी व्यवस्थापनका सबै कार्य समावेश नभएको | सबै निकायमा लागू गर्न परिपत्र गरिएको। |
| ९. | निकासा गर्ने | भुक्तानी आदेश अनुसार स्वीकृत बजेट/अख्तियारी अनुसारको रकम निकासा | प्रणालीहरुमा प्राविधिक समस्या भईरहने। | सम्बन्धित निकायसँग प्राविधिक समन्वय गरिएको। |

**९. प्रदेश लेखा इकाई कार्यालयहरु:- पाँचवटा (पाँचथर, झापा, धनकुटा, ओखलढुङ्गा र उदयपुर)**

| पद/तह | स्वीकृत | पदपुर्ति | रिक्त |
|---|---|---|---|
| लेखा अधिकृत सातौं/आठौं (प्रदेश लेखा इकाई कार्यालयx ५) | ५ | ५ | ० |
| लेखा अधिकृत छैठौं | ६ | ४ | २ |
| लेखा चौथो/पाँचौ | ६ | २ | ४ |
| कार्यालय सहयोगी | ५ | ५ | ० |
| (५वटा कार्यालयको) जम्मा | २२ | १६ | ६ |

**१०. कोशी प्रदेशको आ.व.२०८०/८१ को नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लेख भए अनुसार आर्थिक मामिला तथा योजना मन्त्रालयसँग सम्बन्धित विषयको प्रगति विवरण**

| बुँदा नं. | नीति तथा कार्यक्रमको बुँदाहरु | नीति तथा कार्यक्रमसँग सम्बन्धित क्रियाकलापहरु | कार्यान्वयनको प्रगतिको अवस्था |
|---|---|---|---|
| १९ | समाजवादउन्मुख र सामाजिक न्याय सहितको सबल अर्थतन्त्रको निर्माणमा योगदान पुऱ्याउने गरी प्रदेशको आर्थिक व्यवस्थापन, आर्थिक स्थायीत्व र मूल्यस्थिरता सम्बन्धी नीति तर्जुमा गरिने छ। प्रदेश भित्र दीगो र हरित | १.आर्थिक नीति तथा अन्य कानून तर्जुमा, कार्यान्वयन सम्बन्धी गोष्ठी तथा अन्तरक्रिया। | दोस्रो आवधिक योजनामा प्रदेशको आर्थिक नीति, आर्थिक स्थायित्व र मूल्य स्थिरता सम्बन्धी नीतिको विषय समावेश गर्न मस्यौदा तयार गरी प्रदेश योजना आयोगमा पठाइएको। |

| | | | |
|---|---|---|---|
| | अर्थतन्त्रको आधार तयार गरी आर्थिक स्थायित्व प्राप्तिका लागि सहकार्य गरिनेछ। | | |
| २० | दिगो, समावेशी एवम् फराकिलो आर्थिक वृद्धि र विकासका लागि सार्वजनिक खर्चको उपयोगलाई मितव्ययी एवम् विश्वसनीय बनाउन तथा वित्तीय उत्तरदायित्व एवम् आर्थिक अनुशासन प्रवर्द्धन गर्न विद्यमान कानूनी व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन र नियमन गरिनेछ। | १. बजेट कार्यान्वयन कार्ययोजना तर्जुमा, कार्यान्वयन र नियमित अनुगमन गरिने।<br>२. बजेट कार्यान्वयनको वार्षिक/अर्धवार्षिक प्रगति समिक्षा गरी प्रतिवेदन प्रकाशन गर्ने।<br>३. लेखापरीक्षण प्रतिवेदन माथि समिक्षात्मक छलफल।<br>४.आन्तरिक लेखापरीक्षण र आन्तरिक नियन्त्रण निर्देशिकाहरुलाई परिमार्जन गरिने।<br>५. वित्तीय सुशासन जोखिम मुल्याङ्कन गरी सुधार गर्नुपर्ने विषयहरुको कार्ययोजना बनाई कार्यान्वयन गरिने।<br>६. पुराना र प्रयोगमा आउन नसक्ने सवारी साधन लगायतका सामानहरु लिलाम गर्ने व्यवस्था मिलाइने। | १. बजेट कार्यान्वयन कार्ययोजना तर्जुमा गरी कार्यान्वयन र समीक्षा गरिएको।<br>२. आ.व.२०७९/८० को बजेट कार्यान्वयनको वार्षिक प्रतिवेदन र आ.व. २०८०/८१ को अर्धवार्षिक प्रगति प्रतिवेदन प्रकाशन भएको।<br>३. आन्तरिक लेखा परीक्षण प्रतिवेदन कार्यान्वयनका लागि सबैं मन्त्रालय/ निकायमा पठाइएको।<br>४. आन्तरिक लेखापरीक्षण निर्देशिका, २०७६ लाई प्रतिस्थापन गरी आन्तरिक लेखापरीक्षण कार्यविधि, २०८० तर्जुमा गरिएको।<br>५. मन्त्रालयको वित्तीय सुशासन जोखिम मूल्याङ्कन गरी प्रतिवेदन प्रकाशन गरिएको।<br>६. मन्त्रालयका पुराना तथा प्रयोगमा आउन नसक्ने सामाग्रीहरुको लिलामी प्रकृयाको कार्य आरम्भ गरिएको। |
| २१ | आन्तरिक राजस्व सम्भाव्यता अध्ययन प्रतिवेदनमा औंल्याइएका सुझावहरुलाई कार्यान्वयन गर्न कार्ययोजना तयार गरी आवश्यक नीतिगत, कानूनी तथा जनशक्ति सहितको संस्थागत व्यवस्था गरिनेछ। व्यवसायिक र प्रविधिमैत्री एवम् पारदर्शी कर प्रणालीको माध्यमबाट कर र गैरकर राजस्व संकलनमा अभिवृद्धि गरिनेछ। स्थानीय तहको राजस्व संकलन र | प्रदेशको आन्तरिक राजश्व अभिवृद्धिको लागि सरोकारवालासँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ। प्रदेशको आन्तरिक राजश्व सम्भाव्यता अध्ययन प्रतिवेदन, २०७९ अनुसार करको दायरा बिस्तार, करका दरहरु परिमार्जन र प्रतिवेदनको कार्यान्वयनका लागि प्रणालीगत सुधार र आवश्यक संस्थागत बन्दोबस्त गरिने। | आन्तरिक राजस्व सम्भाव्यता अध्ययन प्रतिवेदन धेरै सुझावहरु प्रदेश आर्थिक ऐनमा समावेश गरिएको। राजस्व परामर्श समिति र विषयगत समितिमा छलफल भई प्रतिवेदन पेश भएको।<br>प्रदेश आर्थिक ऐनमा भएको व्यवस्थालाई प्रभावकारी कार्यान्वयनका लागी सवै विषयगत मन्त्रालयहरुलाई पत्राचार गरिएको।<br>राजस्वको विषयमा स्थानीय तह र मालपोत कार्यालयसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको। |

| | | | |
|---|---|---|---|
| | परिचालन क्षमता अभिवृद्धि गर्न समन्वय एवम् सहकार्य गरिनेछ। | | राजस्व सुधार कार्ययोजना र प्रदेश कर तथा गैरकर राजस्व सम्बन्धी प्रतिस्थापन विधेयक तर्जुमा सम्बन्धी छलफल गरिएको। |
| २२ | आवधिक योजनाको लक्ष्य अनुसार उपलब्धि हासिल गर्न योगदान पुऱ्याउने गरी वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरिनेछ। प्रदेशको स्रोत, साधनको अवस्था विश्लेषण गरी बहुवर्षीय आयोजना छनौट र कार्यान्वयनलाई व्यवस्थित बनाइनेछ। पूँजीगत खर्च बढाउन विनियोजन दक्षता र कार्यान्वयन क्षमता अभिवृद्धि गरिनेछ। | १. प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन संशोधन गरिने।<br>२. बहुवर्षीय आयोजना छनौट सम्बन्धी मापदण्ड तर्जुमा गरिने।<br>३. प्रदेशको सार्वजनिक वित्तीय व्यवस्थापन सम्बन्धी स्थितिपत्र प्रतिवेदनमा उल्लिखित सुधार कार्य योजना आगामी आर्थिक वर्षदेखि कार्यान्वयन गरिनेछ। | १. प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन संशोधनको मस्यौदा तयार गरिएको।<br>२. बहुवर्षीय आयोजना छनौट सम्बन्धी मापदण्ड तर्जुमा भई कार्यान्वयनको चरणमा रहेको।<br>३. सो प्रतिवेदनका सुझावहरुलाई पनि समेटेर बजेट कार्यान्वयन मार्गदर्शनमा समावेश गरी कार्यान्वयनका लागि परिपत्र गरिएको। |
| २३ | प्रदेशको सन्तुलित विकासका लागि आयोजना छनौट तथा वर्गीकरणको मापदण्ड परिमार्जन गरी कार्यान्वयन गरिनेछ। प्रदेशस्तरीय आयोजनाको पहिचान, विश्लेषण, छनौट र प्राथमिकीकरणलाई व्यवस्थित बनाउनका लागि आयोजना बैंक सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी आयोजना व्यवस्थापन गरिनेछ। | १. प्रदेश योजना आयोग र विषयगत मन्त्रालयको समन्वयमा प्रदेशस्तरीय आयोजना छनौट तथा वर्गिकरण सम्बन्धी कार्यविधि, २०८० र प्रदेश आयोजना बैंक व्यवस्थापन कार्यविधि, २०८० को व्यवस्था कार्यान्वयन गरिने।<br>२. नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानसँगको सहकार्यमा आयोजना पहिचान, छनौट र विकास सम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गरिने। | १. प्रदेश योजना आयोगको समन्वयमा आयोजना बैंक सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको र कार्यविधिहरुको व्यवस्था कार्यान्वयनका लागि सबै निकायमा पठाइएको।<br>२. नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानलाई यस मन्त्रालयबाट सहकार्यका लागि पत्राचार गरिएकोमा समय अभावले तालिम सञ्चालन गर्न नसकिएको। |
| २४ | बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वन मार्फत विकास नतिजा हासिल गर्ने कार्यलाई सहयोग पुऱ्याउन सूचना प्रविधिमा आधारित अनुगमन सम्बन्धी कार्य | कार्यक्रम तथा आयोजनाहरुले बाञ्छित नतिजा हासिल गरे नगरेको सम्बन्धमा नियमित रुपमा नतिजा सूचकमा आधारित भएर समय, लागत, परिमाण तथा गुणस्तरको अनुगमन गरिने। | प्रदेशस्तरीय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०८० स्वीकृत भई कार्यान्वयनमा रहेको। |

| | | | |
|---|---|---|---|
| | गरिनेछ। प्रदेश योजना आयोगको समन्वयमा अनुगमन मूल्याङ्कन दिग्दर्शन एवम् आवश्यक निर्देशिका तर्जुमा गरी बजेट कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनलाई थप प्रभावकारी बनाउन कानूनी व्यवस्था गरिनेछ। | | |
| २५ | प्रदेशस्तरमा बीमा, वित्तीय संस्थाको सञ्चानलन, व्यवस्थापन, सुधार र नियमन गर्न आवश्यक कानून तर्जुमा र त्यसको प्रभावकारी कार्यान्वयन गरिनेछ। बचत गरी उत्पादनमूलक क्षेत्रमा परिचालन गर्न, वित्तीय सचेतना अभिवृद्धि गर्न र समयमै कर तिर्न प्रोत्साहन गर्नका लागि वित्तीय क्षेत्रका नियामक निकायहरुको समन्वय र सहकार्यमा वित्तीय सचेतना तथा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ। | १. वित्तीय साक्षरता कार्यक्रम तथा संचार माध्यममा आर्थिक बहस कार्यक्रम सञ्चालन गरिने।<br>२. वित्तीय क्षेत्रका सरोकारवालाहरु सँगको अन्तरक्रिया गरिने। बीमा सम्बन्धी कानून तर्जुमाको कार्य प्रारम्भ गरिने। | १. नेपाल टेलिभिजन इटहरीसँग सम्झौता भई आर्थिक बहस कार्यक्रम सञ्चालन भएको।<br>२. राष्ट्रिय बीमा प्राधिकरणबाट प्रदेश बीमा नीतिको मस्यौदा तर्जुमा भई नीति निर्माण गर्ने चरणमा रहेको। |
| २६ | प्रदेश स्तरको सार्वजनिक सम्पत्तिको अभिलेख अद्यावधिक गरी प्रदेश अन्तरगत सरकारी निकायका घर, जग्गाको स्वामित्व प्रदेशमा रहने व्यवस्था मिलाउन आवश्यक प्रक्रिया अघि बढाइनेछ। प्रदेश भित्रका सबै प्रकारका आर्थिक कृयाकलापलाई औपचारिक प्रणालीमा आवद्ध गर्न सहजीकरण तथा सहकार्य गरिनेछ। | १.PAMS बाट सरकारी सम्पत्तिको एकीकृत विवरण सङ्कलन गरिने<br>२. प्रदेशका सरकारी घर, जग्गाको स्वामित्व हस्तान्तरणको प्रकृया अगाडि बढाइने।<br>३.प्रदेश भित्रका सबै प्रकारका आर्थिक कृयाकलापलाई औपचारिक प्रणालीमा आवद्ध गर्न सहजीकरण तथा सहकार्य गरिनेछ। | १. प्रदेशको सरकारी सम्पत्तिको एकीकृत प्रतिवेदन (PAMS को रिपोर्ट) मन्त्रालयको वेवसाइटमा सार्वजनिक गरिएको।<br>२. प्रदेशका निकायको घरजग्गाको विवरण सङ्कलनको लागि आन्तरिक मामिला तथा कानून मन्त्रालयसँग छलफल तथा समन्वय गरिएको।<br>३. प्रदेश आर्थिक ऐनमा भएका प्रावधानहरुको कार्यान्वयनका लागि सूचना प्रकाशन तथा पत्राचार गरिएको। |
| २७ | बेरुजु कम हुने गरी सरकारी | १.बेरुजु फस्योंट तथा न्यूनीकरण | १. बेरुजु न्यूनीकरण तथा फस्योंट |

| | | | |
|---|---|---|---|
| | कारोबार गर्न तथा कायम भएको बेरुजु फस्यौंट गरी बेरुजु रहित निकाय बनाउन कार्य सम्पादनमा संलग्न कर्मचारीलाई प्रोत्साहन गरिनेछ। | प्रोत्साहन कार्यविधिको मस्यौदा तर्जुमा गर्ने।<br>२. बेरुजु फस्यौंट अनुगमन समितिको बैठक सञ्चालन र अनुगमन<br>३. बेरुजु लगत प्रविष्टि गर्ने प्रणाली सञ्चालन गर्ने। | सम्बन्धी कार्यविधि, २०८० तर्जुमा गरिएको।<br>२. बेरुजु फस्यौंट अनुगमन समितिको बैठकको निर्णय कार्यान्वयनको लागि पठाइएको। बेरुजु फस्यौंट सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको<br>३. बेरुजुको लगत प्रविष्ट गर्न प्रदेश लेखा नियन्त्रक कार्यालयमा विद्युतीय पोर्टल सञ्चालनमा रहेको। |
| २८ | प्रदेशमा तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापनका लागि आवश्यक कानूनी एवम् प्रणालीगत व्यवस्था गरी प्रदेशस्तरको तथ्याङ्क संकलन, भण्डारण, सुरक्षा र उपयोगलाई प्रभावकारी बनाइनेछ। | प्रदेश तथ्याङ्क विधेयक तर्जुमा सम्बन्धी कार्य गरिने। आर्थिक सर्वेक्षण तयारीका लागि र तथ्याङ्क सम्बन्धी विज्ञ तथा सरोकारवालाहरु सँगको छलफल तथा अन्तरक्रिया गरिने। | प्रदेश तथ्याङ्क सम्बन्धी विधेयक तर्जुमाको लागि अवधारणापत्रको मस्यौदा तयार गरिएको। राष्ट्रिय तथ्याङ्क प्रणाली र National Data Profile मा प्रदेशको तथ्याङ्क समावेश गर्ने विषयमा राष्ट्रिय तथ्याङ्क कार्यालयसंग समन्वय गरिएको। प्रादेशिक आर्थिक सर्वेक्षण, २०८०/०८१ तयार गरिएको। २०८१ बैशाखदेखि मासिक रुपमा **कोशी प्रदेशको आर्थिक बुलेटिन** प्रकाशन गरिएको। |

## ११. मुख्य मुख्य समस्या

- प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा प्रदेशको आवधिक योजना अनुसार तथा अन्य आवश्यकताका विवरणहरु प्रविष्टि गर्न र आवश्यक प्रतिवेदनहरु प्राप्त गर्न सकिने तथा प्राविधिक समस्या समाधान गर्न यस मन्त्रालयलाई पहुँच प्राप्त नभएको हुँदा बजेट तर्जुमा र कार्यान्वयनमा समस्याहरु सृजना हुने गरेको।
- बजेट तर्जुमा गर्दाको अन्तिम समयमा PLMBIS प्रणालीमा समय समयमा समस्या आउने गरेको ।
- प्रदेशमा तथ्याङ्क व्यवस्थापन सम्बन्धी प्रणाली नभएको एवम् यस मन्त्रालयमा तथ्याङ्कशास्त्रीको दरबन्दी समेत रिक्त रहेको हुँदा बजेट तर्जुमा, आर्थिक सर्वेक्षण एवम् आर्थिक नीति तर्जुमा गर्न आवश्यक पर्ने तथ्याङ्क तथा विवरणहरु सहज रुपमा प्राप्त हुन नसकेको।
- विषयगत मन्त्रालयबाट बजेट प्रस्ताव गर्ने कार्य बजेट पेश गर्ने अघिल्लो दिनसम्म पनि सम्पन्न नगर्ने हुनाले विनियोजनमा देखिएका त्रुटी एवम गल्तीमा सुधार गर्न समस्या रहेको छ।
- बजेट तर्जूमा प्रक्रियालाई आवधिक योजना र आयोजना बैंकसँग आवद्ध गर्न सकिएको छैन।
- विनियोजन दक्षता, वित्तीय जवाफदेहिता/अनुशासन, अनुगमन तथा मूल्याङ्कन सम्बन्धी विषयहरू प्रभावकारी हुन सकेको छैन।

## १२. समस्या समाधानका लागि गरिएका प्रयासहरु

- प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) संग सम्वन्धित समस्या समाधान गर्न अर्थ मन्त्रालयसंग समन्वय गरिएको ।
- संघिय अर्थ मन्त्रालयको प्राविधिक सहयोगमा PLMBIS बाट आ.व.२०८१/८२ को बजेट तर्जुमाको कार्य गरिएको।
- आर्थिक सर्वेक्षणको लागि संघिय अर्थ मन्त्रालयबाट विषयविज्ञ/कर्मचारीलाई आमन्त्रण गरी आर्थिक सर्वेक्षण तर्जुमा गरिएको ।
- प्रदेश स्तरीय आयोजना छनौट र बर्गीकरण सम्वन्धि कार्यविधि र आयोजना बैंक व्यवस्थापन सम्वन्धि विद्यमान कानूनी व्यवस्थाको कार्यान्वयनमा सहजीकरण गरिएको।
- प्रदेशस्तरीय तथ्याङ्कको उपयोगका लागि विषयगत मन्त्रालय, तथ्याङ्क कार्यालय, मोरङ, नेपाल राष्ट बैंक, विराटनगर कार्यालय लगायतसँग आवश्यक सहयोग प्राप्त गरिएको।

## १३. केहि असल अभ्यासहरु

- केन्द्रिकृत विद्युतीय हाजिर प्रणालीको उपयोग गरिएको छ।
- Office Automation को उपयोग गरिएको छ।
- आर्थिक मामिला तथा योजना मन्त्रालय र अन्तर्गतका कर्मचारीहरुको पदीय वा पेशागत आचारसंहिता, २०८० स्वीकृत गरी कार्यान्वयन गरिएको छ।
- मन्त्रालयमा पदगत र शाखागत कार्यविवरण तयार गरी कार्यान्वयन गरिएको छ।
- माननीय मन्त्री र सचिवबीच तथा सचिव र महाशाखा प्रमुख तथा प्रदेश लेखा नियन्त्रकबीच कार्यसम्पादन करार गरी कार्यान्वयन गरिएको छ।